REDRESS

Ending torture, seeking justice for survivors

GLOBAL SURVIVORS FUND

FOR AND WITH SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE

# द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितका लागि परिपूरण

## सर्वांगीण रणनीतिक कानूनी मुद्दालाई एक औजारका रूपमा कसरी प्रयोग गर्ने



# सामग्री


**संक्षपि्त शब्दावली** 4

**परचिय** 5

**क. द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूका लागि परपिूरणको नर्णिय कार्यान्वयनमा आइपर्ने बाधाहर** 6

भौतकि एवं संरचनागत बाधाहरू 7

कानूनी तथा संस्थागत अवरोधहरू 11

**ख. परपिूरण कार्यान्वयन गराउने उपायका रूपमा रणनीतकि कानूनी मुद्दा** 17

कार्यान्वयन प्रवर्द्धनका लागि मानवअधकिारका मुद्दाको प्रयोग 18

पीडति/प्रभावतिहरूको सहभागति प्रवर्द्धन 18

कार्यान्वयन अनुगमनमा सहभागति 19

पैरवी अभयिान र कार्यदलहरूमा सहभागति 25

मडियिा र सञ्चार रणनीतहिरूमा सहभागति 27

**नष्किर्ष** 29

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| **ACommHPR** | अफ्रिकन कमिसन अन ह्युमन एंड पिपिल्स राइट्स (African Commission on Human and Peoples' Rights) |
| **AU** | अफ्रिकन युनियन (African Union) |
| **CAT** | यातना विरुद्ध संयुक्त राष्ट्रसंघीय समिति (UN Committee Against Torture) |
| **CEDAW** | महिला विरुद्धको हिंसा अन्त्यसम्बन्धी समिति (Committee on the Elimination of Violence against Women) |
| **CRSV** | द्वन्द्वसँग सम्बन्धित यौन हिंसा (Conflict-Related Sexual Violence) |
| **CSO** | नागरिक समाजका संस्था (Civil Society organization) |
| **DRC** | लोकतान्त्रिक गणतन्त्र कोंगो (Democratic Republic of the Congo) |
| **EAC** | एक्स्ट्राअर्डिनरी अफ्रिकन चेम्बर (Extraordinary African Chamber) |
| **ECtHR** | यूरोपियन कोर्ट अन ह्युमन राइट्स (European Court on Human Rights) |
| **GSF** | जीएसएफ/ग्लोबल सर्भाइभर फण्ड (Global Survivors Fund) |
| **HRC** | मानवअधिकार समिति (Human Rights Committee) |
| **ICTJ** | इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टिस (International Center for Transitional Justice) |
| **IACtHR** | इन्टर अमेरिकन कोर्ट अफ ह्युमन राइट्स (Inter-American Court of Human Rights) |
| **NGO** | गैर सरकारी संस्था (Non-Governmental Organisation) |
| **OHCHR** | मानवअधिकारका लागि उच्चायुक्तको कार्यालय (Office of the High Commissioner for Human Rights) |
| **OSJI** | ओपन सोसाइटी जस्टिस इनिसिएटिव् (Open Society Justice Initiative) |
| **UN** | संयुक्त राष्ट्रसंघ (United Nations) |
| **UNGA** | संयुक्त राष्ट्रसंघको महासभा (UN General Assembly) |
| **UNSG** | संयुक्त राष्ट्रसंघका महासचिव (UN Secretary General) |

# परिचय

सशस्त्र द्वन्द्वहरूको स्थान वा प्रकृति जस्तोसुकै भएपनि, ती सबैमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा व्याप्त हुने गर्छन्। बलात्कार, यौन दासत्व, जबरजस्ती यौनपेशा, जबरजस्ती गर्भाधान, जबरजस्ती गर्भपतन, जबरजस्ती बन्ध्याकरण, "र महिला, पुरुष, किशोर वा किशोरीहरू विरुद्ध हुने तुलनात्मक रूपमा गम्भीर प्रकृतिको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा द्वन्द्वसँग सम्बन्धित कुनै पनि अन्य प्रकारको यौन हिंसा" यसभित्र पर्छन् ।[1] यौन हिंसाले पीडित/प्रभावितलाई गम्भीर रूपमा मानसिक, शारीरिक र अन्य प्रभाव पार्ने गर्छ,[2] जसले गर्दा आघातले निम्त्याउने डिप्रेसन, चिन्ता, लागूपदार्थ दुरुपयोग, आत्महत्याका विचार एवं प्रयास जस्ता हानिकारक असर पर्न सक्छन्।[3] यी दीर्घकालीन परिणामका समाधान पनि निकै चुनौतीपूर्ण हुने गर्छन्।[4] पीडित/प्रभावितले प्रायः आफ्नो समुदाय, आफन्तजन र परिवारका सदस्यहरूबाट सामाजिक कलंक र हेयभावको सामना गर्नु पर्छ, जसको परिणामस्वरूप उनीहरू सार्वजनिक र निजी जीवनमा बहिष्कृत हुने गर्छन्। यसले उनीहरूको जीवनको आर्थिक पक्षमा गहिरो प्रभाव पार्छ।[5] द्वन्द्वसँग सम्बन्धित यौन हिंसाले सम्पूर्ण समुदायलाई बाधा पुर्‍याउनुका साथै कतिपय अवस्थामा समुदायलाई नै नष्ट समेत गर्न सक्छ।[6]

द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूको अधिकारभित्र प्रतिस्थापन, क्षतिपूर्ति, पुन:स्थापना, सन्तुष्टि र त्यस्ता घटना नदोहोरिने प्रत्याभूति लगायतका विस्तृत परिपूरण प्राप्त गर्ने अधिकार पर्छन्।[7] यद्यपि, संयुक्त राष्ट्रसङ्घका महासचिवले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे आफ्नो पछिल्लो प्रतिवेदनमा, अधिकांश त्यस्ता पीडित/प्रभावितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन असफल भएको अवस्थाबारे चिन्ता व्यक्त गरेका छन्।[8] परिपूरण कार्यान्वयनको असफलता भनेको यस्ता उल्लङ्घनहरू गर्न "अनुमति वा प्रोत्साहन" गरेको समान हुने धारणा महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिले व्यक्त गरेको छ।[9]

सर्वांगीण रणनीतिक कानूनी मुद्दाले आन्तरिक/घरेलु वा अन्तर्राष्ट्रिय कार्यवाही मार्फत पीडित/प्रभावितलाई परिपूरणमा पहुँच गर्न सहजीकरण गर्नुका साथै त्यसको प्रवर्द्धन गर्न सक्छ। यद्यपि, रणनीतिक कानूनी मुद्दा मार्फत गरिएका निर्णयहरूको पनि वास्तविकतामा परिपालना भएर पीडित/प्रभावितले परिपूरण पाउने अवस्था विरलै हुन्छन्। प्रायजसो, परिपूरणका आदेश कार्यान्वयनको लागि पीडित/प्रभावितको नेतृत्वमा थप कानूनी, पैरवी र सञ्चार अभियानहरूको आवश्यकता पर्ने गर्छ।

यस प्रतिवेदनले परिपूरण प्राप्तिको कार्यान्वयन गराउनका लागि पीडित/प्रभावित र अभियन्ताहरूले सामना गर्ने मुख्य चुनौतीहरू वर्णन गर्दछ। साथै, पीडित/प्रभावितलाई परिपूरण प्राप्तिमा सहजीकरण गर्ने लक्ष्यका साथ, यस क्षेत्रका असल अभ्यासहरूको पहिचान गरेर तिनिलाई अभ्यासकर्ताहरूका सामु प्रस्तुत गर्दछ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूका लागि परिपूरण दिने निर्णय कार्यान्वयनमा आइपर्ने बाधाहरू सम्बोधन गर्ने औजारका रूपमा सर्वांगीण रणनीतिक कानूनी मुद्दालाई प्रयोग गर्ने सम्बन्धी रिड्रेस (REDRESS) परियोजनाको दुई प्रकाशनहरू मध्ये यो पहिलो प्रकाशन हो।

1 संयुक्त राष्ट्रसंघका महासचिव, 'महासचिवको प्रतिवेदन, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा' (२०२०) UN Doc S/2020/487, अनुच्छेद ४ (UNSG CRSV प्रतिवेदन); 'महासचिवको मार्गदर्शन नोट, द्वन्द्वसँग-सम्बन्धित यौन हिंसाको लागि परिपूरण' (२०१४), UN Doc ST/SG(02)/R425, 5-8 (संयुक्त राष्ट्रसंघका महासचिव २०१४ मार्गदर्शन नोट)।

2 मानवअधिकारका लागि अन्तर-अमेरिकी अदालत (IACtHR), फेर्नान्देज ओर्टेगा र अन्य वि. मेक्सिको। प्रारम्भिक असहमति, फाइदा, परिपूरण र खर्चहरू (Preliminary Objection, Merits, Reparations, and Costs). ३० अगस्त २०१० को फैसला। शृंखला सी नं २१५, अनुच्छेद १२४

3 इ.आर. ड्वोर्किन, एस.भी. मेनोन, जे. ब्युस्त्र्युन्सकी, र एन.इ. एलन, (ER Dworkin, SV Menon, J Bystrynski, and NE Allen), 'यौन आक्रमणका पीडित र मनोविकृतिविज्ञान : एक समीक्षा र विश्लेषण ('Sexual Assault Victimization and Psychopathology: A Review and Meta-Analysis'), (२०१७) ५६औं क्लिनिकल साइकोलोजी रिव्यु, अनुच्छेद ६५,६६

4 IACtHR, मिगेल कास्ट्रो कास्ट्रो कारागार वि. पेरु। फाइदा, परिपूरण र खर्चहरू (Merits, Reparations and Costs). २५ नोवेम्बर २००६ को फैसला। शृंखला सी नं १६०, अनुच्छेद ३११

5 आर.एम. लोया (RM Loya), 'आर्थिक अपराधका रूपमा बलात्कार : पीडित/प्रभावितको रोजगारी र आर्थिक सुस्वास्थ्यमा यौन हिंसाको प्रभाव' ('Rape as an Economic Crime: The Impact of Sexual Violence on Survivors' Employment and Economic Well-Being'), (२०१४) ३०औं जर्नल अफ इन्टरपर्सनल भोइलेंस २७९३, ३, ४, ५, १६, १७

6 युरोपेली परिषद (Council of Europe (CoE)), ' संसदीय सभा। द्वन्द्वसँग सम्बन्धित यौन हिंसा। अल्पकालीन संस्करण २४७६' ('Parliamentary Assembly. Conflict-related sexual violence. Provisional Version. Resolution 2476') (२० जनवरी २०२३), अनुच्छेद ३।

7 संयुक्त राष्ट्रसंघीय महासभा, अन्तर्राष्ट्रिय मानवअधिकारका कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनका गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणका अधिकारसम्बन्धी आधारभूत सिद्धान्त तथा मार्गनिर्देशनहरू। प्रस्तावना ६०/१४७' (२००५), UN Doc A/RES/60/147, अनुच्छेद १८ (Basic Principles and Guidelines).

8 संयुक्त राष्ट्रसंघका महासचिवको द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे प्रतिवेदन २०२३, S/2023/413.

9 CEDAW, 'महिला विरुद्धका लैङ्गिकतामा आधारित हिंसासम्बन्धी सामान्य सिफारिस नं ३५ (२०१७), सामान्य सिफारिस नं १९ को अद्यावधिक' (२०१७) UN Doc CEDAW/C/GC/35, अनुच्छेद २४ बी.

# क. द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूका लागि परिपूरणको निर्णय कार्यान्वयनमा आइपर्ने बाधाहरू




© ऐना ग्रोबेस्तनिस

जनिट ङर्बाये, जो सेनेगलको हसिन् हेबरमा भएको सर्वांगीण न्यायाधकिरणका प्रमुख साक्षी थईिन्। अदालतले सन् २०१६ मा आदेश दएिको परपूिरण प्राप्त गर्नुअघि नै सन् २०२३ मा उनको मृत्यु भयो

परपूिरणको कार्यान्वयन नहुँदा त्यसले  पीडति/प्रभावतिहरूमा कुण्ठा, नराशिा, लाज, नरिुत्साह, पुन: पीडति भएको अनुभूति र असन्तुष्टिको भावना नम्तिय्याउने हुनाले उनीहरूमा प्रतकि्ूल प्रभाव पर्छ ।[10] परपूिरणको कार्यान्वयन नहुँदा त्यसले सामूहकि एवं सामाजकि प्रभाव पनि पर्छ । उदाहरणका लागि, गाम्बयिामा सत्य मेलमलिाप तथा परपूिरण आयोगले क्षतपूिर्ति कार्यक्रम स्थापना गरेको भए पनि, द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूले भुक्तानी प्राप्त गरेका छैनन्, जसकारण उनीहरूमा चनि्ता, लाज र नराशिा पैदा भएको र आफूहरू कलंकति र उपहासको पात्र बन्नुपरेको उनीहरू बताउँछन् ।[11] कोलम्बयिामा पीडति/प्रभावतिहरूले प्रशासनकि कार्यक्रमहरू मार्फत उपलब्ध गराइएका परपूिरणको अपर्याप्त र अपूर्ण प्रावधानलाई परपूिरक भएको मान्दैनन् र त्यसले गर्दा  "कुनै पनि प्रकारको परपूिरणमा पहुँच गर्न सकेका र नसकेकाहरू बीच" सामाजकि तनाव सर्जिना भएको छ ।[12] द्वन्द्वसँग सम्बन्धति यौन हसिामा न्याय प्राप्ति गर्न धेरै व्यावहारकि र कानूनी बाधाहरू सामना गर्नुपर्ने हुन्छ र ती बाधा प्रायजसो परपूिरण कार्यान्वयनसँग सम्बन्धति हुने गर्छन् ।

10 जीएसएफ, ट्रायल इन्टरनेसनल, र भभि जेन (Vive Žene), 'Bosnia and Herzegovina Study on Opportunities for Reparations for Survivors of Conflict-related Sexual Violence, We Raise Our Voices' (२०२२), अनुच्छेद ४२, ५७ (बोस्नयिा र हर्जगोभनिा सम्बन्धी जीएसएफको अध्ययन); जीएसएफ र इन्टरनेसनल सेन्टर फर ट्रान्जसिनल जस्टसि (आइसीटजिे), 'Women's Advocacy Network, Uganda Study, We Cannot Survive on Hope and Promises Alone' (२०२२), अनुच्छेद ५२-५३  (युगान्डा सम्बन्धी जीएसएफको अध्ययन); जीएसएफ, करबिे अफर्मितभिो, जेनफामी (GENFAMI) र असोम (ASOM), 'Study on the Situation and Opportunities of the Right to Reparation for Victims and Survivors of Conflict-Related Sexual and Reproductive Violence in Colombia: Victims at the Centre of Reparation' (२०२२), अनुच्छेद ५४-५५, (कोलोम्बयिा सम्बन्धी जीएसएफको अध्ययन); जीएसएफ, आइसीटजिे, जीपीटजिे र वेभ (Wave), 'The Gambia Study on Opportunities for Reparations for Victims and Survivors of Sexual and Gender-Based Violence: Stubborn for our Gender' (2022), अनुच्छेद  ४१, (गाम्बयिा सम्बन्धी जीएसएफको अध्ययन).

11 गाम्बयिा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ४१.

12 कोलोम्बयिा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ५५.

## भौतकि एवं संरचनागत बाधाहरू

हेयभाव : यौन हसिाका पीडति/प्रभावतिहरूलाई प्रायशः नम्नि स्तरको, ववािहका लागि अयोग्य र समाजका मूल्यहीन व्यक्तकिा रूपमा हेरन्छि ।[13] यस्तो परस्थितिकिा कारण पीडति/प्रभावतिले यौन हसिाको उजुरी गर्न र परपूिरणका आदेश वा कार्यक्रम कार्यान्वयनमा भाग लनि हच्चिकचिाहट र नरुित्साहति भएको महसुस गर्छन् ।[14] नेपालमा द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूले सामाजकि बहषि्कार, लाज र आफ्नै समुदाय र परविारमा वर्जति हुनुपर्ने अवस्थाका कारण आफ्नो मुद्दा उजुरी गर्न र परपूिरण खोज्न चाहँदैनन् ।[15] कोसोभोमा, द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूले आफ्नै समुदायभति्र हेयभावको सामना गर्नु पर्ने कारणले पनि सरकारको मान्यता र प्रमाणीकरणसम्बन्धी आयोगमा कतपियले आफूलाई दर्ता गराएनन् ।[16] बंगलादेशका वीरंगोनाहरू (बंगलादेश मुक्ति संग्रामको द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरू)ले आफ्ना परविार र समुदायबाट नकारात्मक दृष्टकिोण र बहषि्कार भोग्नु पर्ला भन्ने डरका कारण आफूले पीडति/प्रभावतिका रूपमा प्राप्त गर्ने भत्ता लगायतका सरकारी लाभहरूका लागि दर्ता गर्न हचिकचिाउँछन् ।[17]

रुढीवादी सोच : कहलिेकाहीं सामाजकि परविेश र कारकहरू बारे बुझाइको कमी हुनाले परपूिरणका उपायहरू कार्यान्वयन हुँदैनन् । दक्षणि अफ्रकिामा अधकिारीहरूले समाजमा महलिाहरूको अवस्था बारेको असन्तुलनलाई बेवास्ता गरेर पुरुषहरूको बैंक खातामा क्षतपिूर्ति जम्मा गरदिँदा, त्यस्तो रकममा ती महलिाको कुनै नयिन्त्रण रहेन वा नकिै कम नयिन्त्रण रह्यो ।[18] बंगलादेशमा सरकारबाट भत्ता प्राप्त गरेका केही वीरंगोनाहरू मध्ये धेरैको भत्ता व्यवस्थापनको जम्मिेवारी पति वा छोराछोरी लगायतका आफन्तलाई सुम्पएिको हुँदा, कतपिय आफन्तले त्यो रकमको ठूलो अंश आफैं लइिदएिका थएि ।[19] बोस्नयिा र हर्जगोभनिामा पुनर्स्थापना सहयोग खोज्नेहरू प्रतकिो हेयभाव र यो सेवा प्रदान गर्ने संस्थाहरूमा लैङ्गकि संवेदनशीलताको कमीका कारण पुनर्स्थापनाका उपायहरू कार्यान्वयनमा असर परेको छ । बोस्नयिा र हर्जेगोभनिाका मानसकि स्वास्थ्य केन्द्रहरू रहेका प्रायः साना शहरहरूमा मानसिहरूले एकअर्कालाई चन्छिन् र मानसकि सेवा लनिेहरूलाई समुदायका सदस्यले 'पागल' भन्ने गर्छन् ।[20]

सशस्त्र द्वन्द्व : सशस्त्र द्वन्द्व जारी रहेको स्थानहरूमा, पीडति/प्रभावतिका लागि द्वन्द्वसँग सम्बन्धति यौन हसिाको खतरा नरिन्तर रूपमा रहरिहन्छ । यस्ता परस्थितिमिा अभलिेखीकरण, उजुरी, जाँचबुझ, अन्तरमि राहत प्रदान र द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिका लागि वसि्तृत परपूिरण सुनशि्चति गर्ने कार्यहरू अझ जटलि बन्न सक्छन् ।[21] कोलम्बयिामा द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूले क्षतपिूर्तकिो रूपमा प्राप्त रकमको कारणले सामना गर्नुपर्ने चोरी तथा अन्य सुरक्षासम्बन्धी जोखमिहरूबारे चन्तिा व्यक्त गरेका छन् ।[22] आतंकवादको आरोप लाग्ला भन्ने डरले पेरूमा केही पीडति/प्रभावतिहरूले परपूिरण लनि अस्वीकार गरेजस्तै, केही ठाउँमा परपूिरण लदिँदा पीडति/प्रभावतिले नकारात्मक प्रतकि्रयिाको सामना गर्नुपर्ने हुनसक्छ ।[23] सशस्त्र द्वन्द्व चलरिहेको अवस्थामा, वशिेषगरी सुरक्षाको पुनर्स्थापना गर्ने जस्ता उपयाहरूको कार्यान्वयन गर्न चुनौतीपूरण हुनेगर्छ । *पुएब्लो बेलोको नरसंहार वरिुद्ध कोलम्बयिा*को मुद्दामा, इन्टर अमेरकिन कोर्ट अफ ह्युमन राइट्स (IACtHR) ले पुएब्लो बेलोको गाउँबाट जबरजस्ती वस्थिापति गरएिका व्यक्तहिरूलाई उनीहरूको आफ्नो ठाउँमा फर्किता जान सहयोग हुनेगरी सुरक्षा पुनर्स्थापना गर्ने आदेश दयिो । तर गाउँलेहरूले अझै पनि अर्धसैनकि बलहरू लगायतका सशस्त्र समूहहरूको उपस्थति सामना गर्नु परेको

13 सी. कुस र एस. लन्डि्से (C Koos and S Lindsey), 'Wartime Sexual Violence, Social Stigmatization and Humanitarian Aid: Survey Evidence from Eastern Democratic Republic of Congo' (२०२२) ६६(६) जर्नल अफ कन्फ्लकि्ट रजिोलुसन, अनुच्छेद १०३७, १०४४.

14 उदाहरणका लागि हेर्नुहोस् : गाम्बयिा सम्बन्धी जीएसएफको अध्ययन २५. जीएसएफ र रड्रिेस, 'Myanmar Study on Opportunities for Reparations for Survivors of Conflict-Related Sexual Violence: Beyond Survival' (२०२३) २५ (म्यानमार सम्बन्धी जीएसएफको अध्ययन); युगान्डा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ४८.

15 जीएसएफ, आइसीटजि, नागरकि आवाज र सीभीडब्लुएन, 'Nepal Study on Opportunities for Reparations for Victims and Survivors of Conflict-Related Sexual Violence: We Will Never Forget the Scars and Pains of Conflict' (२०२१), अनुच्छेद ५१-५४

16 सी. संदोभाल, एस. गल्मिोर र जे. गलिेरोत (C Sandoval, S Gilmore, and J Guillerot), 'Report: Beyond Silence and Stigma – Crafting a Gender-Sensitive Approach for Victims of Sexual Violence in Domestic Reparation Programmes' (२०२०), अनुच्छेद ४०,४१.

17 ट्रान्सपरेन्सी इन्टरनेसनल बंगलादेश (TI Bangladesh), 'State Recognition and Rights of Birangona Freedom Fighters: Governance Challenges and Way-Out: Executive Summary' (२०२२), ९ (ट्रान्सपरेन्सी इन्टरनेसनल बंगलादेशको २०२२ को प्रतवेदिन).

18 संयुक्त राष्ट्रसंघका महासचवि २०१४ मार्गदर्शन नोट, अनुच्छेद १७.

19 ट्रान्सपरेन्सी इन्टरनेसनल बंगलादेशको २०२२ को प्रतवेदिन ९.

20 एल. हड्जमिसिकि (L Hadzimesic), 'Consequences of Conflict-Related Sexual Violence on Post-Conflict Society: Case Study of Reparations in Bosnia and Herzegovina', in F Ní Aoláin et al (eds), The Oxford Handbook of Gender and Conflict (Oxford Academic 2017), अनुच्छेद 515.

21 कोलोम्बयिा सम्बन्धी जीएसएफको अध्ययन, ५९; जीएसएफ, ब्लु बर्ड, इयुसीसीईआइ र ट्रुथ हाउन्ड्स (GSF , Blue Bird, EUCCI and Truth Hounds). 'Ukraine Study on the Status of and Opportunities for Reparations for Survivors of Conflict-Related Sexual Violence' (२०२२), अनुच्छेद ६९.

22 कोलोम्बयिा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद 60.

23 एल. मोफेट (L Moffet), Reparations and War: Finding Balance in Repairing the Past (पहलिो संस्करण, अक्सफोर्ड, २०२३) २३२ (Moffet, Reparations and War).

थियो र कोलम्बियाले त्यस क्षेत्रमा सुरक्षा पुनर्स्थापना गर्नका लागि अपनाइएका उपायहरूको बारेमा विशेष जानकारी प्रदान गर्न असफल भयो।[24] म्यानमारमा चलिरहेको हिंसाको कारण द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूको अवस्था विशेष रूपमा चुनौतीपूर्ण छ। दण्डहीनताको वातावरण, नागरिक माथिको दमन, सुरक्षा बलहरूद्वारा प्रमाणहरू नष्ट गर्ने कार्य र सैन्य शासनद्वारा न्यायिक, कानूनी एवं सुरक्षा प्रणालीको कब्जाका कारण द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूले परिपूरण प्राप्तिमा उल्लेखनीय अवरोधहरूको सामना गर्नुपर्छ। यस्तो अवस्थामा, परिपूरण प्राप्त गर्नु भनेको एउटा असम्भव कार्य हुनसक्छ।[25]

| ***सफिया इशाक मोहम्मद इस्सा वि. सुडान,* अफ्रिकन कमिसन अन ह्युमन एंड पिपिल्स राइटस् (ACommHPR)[26]** | | | |
|---|---|---|---|
| **परिवेश** | तथ्यभन्दा अघिको परिवेश : सन् २००३ देखिको सशस्त्र द्वन्द्व, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको व्यापतता<br>मुद्दाको परिवेश : केन्द्रीय सरकार विरुद्ध आन्दोलन<br>अहिलेको परिवेश : सन् २०२३मा सशस्त्र द्वन्द्वको पुनरागमन, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको धेरैवटा घटनाबारे उजुरी परेको छ | | |
| **तथ्यहरू** | सफिया इशाकलाई अहिंसात्मक विद्यार्थी प्रदर्शनमा संलग्न भएको कारण सुडानी सुरक्षा अधिकारीहरूले सन् २०११ मा अपहरण गरेका थिए। थुनामा रहँदा सफियालाई सुरक्षा अधिकारीहरूले सोधपुछ, यातना र सामूहिक बलात्कारको सिकार बनाए। उनले यी घटनाहरूबारे सम्बन्धित निकायहरूमा उजुरी गरिन्, तर कुनै अनुसन्धान भएन। | | |
| **उजुरी दिएको मिति** | २६ मार्च २०१३ | **फैसला भएको मिति** | फेब्रुअरी २०२३ |
| **ACommHPR को निर्णय** | ACommHPR ले सुडानलाई तलका कुराहरूका लागि जिम्मेवार पायो :<br>- यातना र लैङ्गिकितामा आधारित विभेदका रूपमा यौन हिंसाको प्रयोग<br>- स्वतन्त्रता र सुरक्षाबाट स्वेच्छाचारी रूपमा वन्चितीकरण (अनुसन्धान नगर्नु)<br>- निष्पक्ष सुनुवाइको अधिकारको उल्लङ्घन (वकिल र अन्यलाई त्रसित बनाइएको)<br>- संगठित हुने र सभा गर्ने स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घन<br>- सफिया र उनको वकिलको हिंडडुल र आवासको स्वतन्त्रताको उल्लङ्घन, किनभने सुडानी अधिकारीहरूबाट धम्की र उत्पीडनको परिणाम स्वरूप उनीहरू अन्यत्र बसाइ सर्नुपरेको थियो। | | |
| **परिपूरण** | <u>व्यक्तिगत :</u> उपचार खर्च, प्रभावकारी अनुसन्धान, अभियोजन र दोषीहरूलाई सजाय लगायतको पर्याप्त क्षतिपूर्ति।<br><u>समग्र :</u> द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका घटनाहरूको सम्बन्धमा संस्थागत र नीतिगत सुधार: अभिलेखीकरण, अनुसन्धान; पीडितहरूलाई सहयोग र यौनिकता तथा लैंगिकितामा आधारित हिंसाको मूल कारणहरूको उन्मूलन; पीडितको सहभागितामा परिपूरण कार्यक्रमहरू, यौन तथा लैंगिकितामा आधारित हिंसाको पीडितहरूका लागि स्वास्थ्य सेवामा पहुँच; यातना विरोधी र थुनामा सुरक्षाका उपायहरू अवलम्बन र तालिमहरू, आदि | | |
| **बाधाहरू** | सुडानमा अहिले पनि हिंसात्मक सशस्त्र द्वन्द्व चलिरहेको छ। यसकारण निर्णय कार्यान्वयन गर्न जिम्मेवार संस्थाहरूसँगको प्रत्यक्ष संलग्नता कठिन भएको छ।<br>कार्यान्वयनका लागि पैरवी गर्दा, त्यसमा संलग्न व्यक्ति र संस्थाहरूको सुरक्षामा जोखिम हुन्छ। | | |
| **आगामी कदमहरू** | परिपूरण कार्यान्वयन गर्न क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा बैकल्पिक रणनीतिहरू तयार गरेर तिनको प्रयोग गर्ने र दण्डहीनताको दुष्चक्र तोड्ने | | |

24 IACtHR, पुएब्लो बेल्लो नरसंहार वि. कोलोम्बिया. फैसला अनुसारको अनुपालनको अनुगमन. १८ नोभेम्बर २०२० को आदेश, अनुच्छेद 25.

25 म्यानमार सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ७४, ७५.

26 ACommHPR, सफिया इशाक मोहम्मद इस्सा वि. सुडान, नं. ४४३/१३/, अगस्त २०२२; रिड्रेस, 'Safia Ishaq Mohammed Issa v Republic of Sudan'; सुडान सम्बन्धी जीएसएफको अध्ययन; संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद, 'संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको वार्षिक प्रतिवेदन र उच्चायुक्त तथा महा-सचिवको कार्यालयको प्रतिवेदनहरू' , २२ फेब्रुअरी २०२४, अनुच्छेद ४५-५२

भ्रष्टाचार : भ्रष्टाचारले परपूिरणका नर्िणयहरूको कार्यान्वयन र परपूिरण कार्यक्रमहरूको प्रभावकारितालाई कमजोर पार्न सक्छ ।[27] उदाहरणका लागि, ग्वाटेमालामा राष्ट्रपतिको मानव अधिकार आयोग भित्रको भ्रष्टाचारका कारण सशस्त्र द्वन्द्वसँग सम्बन्धति उल्लङ्घनहरूलाई सम्बोधन गर्न IACtHR द्वारा जारी गरएिका नर्िणयहरूको कार्यान्वयन रोकएिका छन् ।[28] युगान्डामा, परपूिरणका लागि सरकारको बजेट वनियोिजन भए पनि, प्रणालीगत भ्रष्टाचारका कारण पीडति/प्रभावतिले परपूिरण पाउन सकेका छैनन् ।[29] कोलम्बियामा, सशस्त्र द्वन्द्वका पीडति/प्रभावतिहरूको परपूिरणका लागि वनियोिजति कोष संचालनमा भ्रष्टाचार गरेको आरोपमा फौजदारी अनुसन्धानको आदेश दइिएको थियो ।[30] म्यानमारका न्यायकि संस्थाहरू भ्रष्टाचारले ग्रस्त रहेका र सेनाद्वारा नयिन्त्रति भएका कारण, त्यहाँ घरेलु अदालतहरू द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूका लागि प्रभावकारी उपाय मानदिैन ।[31] बंगलादेशमा बरिाङ्गोनाहरूले भत्ताका लागि दर्ता गर्न खोज्दा कहलिेकाहीं जबरजस्ती चन्दाको शकिार हुन्छन् र नविेदन प्रक्रयिामा सहयोग गरेबापत अधकिारीहरूले अक्सर उनीहरूसँग पैसा माग्ने गर्छन् ।[32] परपूिरण कार्यान्वयनमा भ्रष्टाचार एउटा प्रणालीगत बाधाको रूपमा देखा परेको छ । यसभत्रि अनुचति स्रोत वनियोिजन, दुरुपयोग, न्यायकि नर्िणयहरूमा हस्तक्षेप, प्रक्रयिागत ढलिाइ र नर्िणयहरू लागू नगरनि लगायतका कुरा पर्छन् ।

कमजोर संस्थाहरू : सशस्त्र द्वन्द्वको समयमा र त्यस पश्चातको समयमा प्रायः सार्वजनकि स्रोतहरू सीमति, संस्थाहरू कमजोर र कानूनी ढाँचाहरू अपर्याप्त हुने गर्छन् ।[33] हसिाका घटनाहरू बारम्बार दोहोरएिन सक्छन् ।[34] यसले सुशासन, वधिकिो शासन र दगिो वकिासमा बाधा पुर्‍याउन सक्छ । उदाहरणका लागि, पूर्वाधारमा गम्भीर क्षतपिुगेको अवस्थामा चकित्सिा र मानसकि स्वास्थ्य सेवा वा शक्षिा जस्ता अत्यावश्यक सेवाहरूमा पहुँच गर्न कठनि हुन्छ ।[35] यी बाधाहरू उल्लेखनीय भएपनि, राज्यले भने यस्ता कुरालाई नै परपूिरणका नर्िणयहरू कार्यान्वयनमा वा परपूिरण कार्यक्रमहरू तयार र कार्यान्वयनमा ढलिाई हुनुको कारणका रूपमा देखाउने गर्छन् । यसको सट्टा, राज्यहरूले पीडति र प्रभावतिहरूका लागि परपूिरण भन्दा पूर्वाधार र आर्थकि पुनर्नर्िमाणलाई प्राथमकिता दन्छिन् ।[36]

उच्च कानूनी शुल्क : घरेलु अदालत र कानूनी प्रक्रयिामा पहुँच गर्न लाग्ने शुल्क र खर्च पनि द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूका लागि परपूिरणमा पहुँचको लागि ठूलो अवरोध हुन सक्छ । IACtHR ले कानूनी शुल्कका कारण अदालतमा पहुँच गर्न अवरोध सर्िजना नहोस् भनेर त्यस्ता शुल्क उचति हुनुपर्छ भन्ने कुरामा जोड दएिको छ ।[37] त्यसैगरी, युरोपेली मानव अधकिार अदालत (ECtHR) ले न्याय खोज्नेका लागि घरेलु न्यायकि प्रक्रयिाहरूमा शुल्क धेरै हुनु हुँदैन वा अव्यावहारकि अवरोधहरू खडा गरनिु हुँदैन भनेको छ ।[38] ECtHR ले यी अवरोधहरूलाई सम्बोधन गर्न केही वकिल्पहरू सुझाव गरेको छ, जस्तै शुल्क घटाउने वा छुट दनि वा तर्िनुपर्ने शुल्क नर्िधारण गर्ने अधकिार अदालतहरूलाई प्रदान गर्ने ।[39] लोकतान्त्रकि गणतन्त्र कङ्गोमा पीडति/प्रभावतिहरूले परपूिरणमा दइिएको कुराहरू प्राप्त गर्नका लागि धेरैवटा शुल्कहरू तर्िनुपर्छ । त्यसमाथि पीडति/प्रभावतिहरूले प्राय: थप शुल्क माग्ने भ्रष्ट अधकिारीहरूको सामना गर्नुपर्ने हुन्छ ।[40] उदाहरणका लागि, *एसए वि. कङ्गोको* मुद्दामा, पीडति/प्रभावतिलाई फैसला कार्यान्वयनको लागि प्रदान गरएिको रकमको १०% उसले तर्िनु पर्छ भनएिको थियो, जबकि त्यहाँको फौजदारी संहतिाले सो शुल्क ३% नर्िधारण गरेको छ ।[41] पीडति/प्रभावतिहरूले अशक्तताको प्रमाणपत्र लनि सक्छन्, तर यो प्रक्रयिा पनि जटलि छ र उनीहरूले त्यसका लागि पनि शुल्क तर्िनुपर्ने हुन्छ ।[42] अदालती शुल्क उच्च हुँदा पीडति/प्रभावतिहरूले कार्यान्वयन माग गर्न नरिुत्साहति हुने सम्भावना हुन्छ । उनीहरू प्रायः आफ्नो कठनिाई र आफूप्रतकिो हेयभाव झनै बढाउने दयनीय आर्थकि अवस्थामा बाँचरिहेका हुन्छन् । यस्ता लामो र महँगो प्रक्रयिाहरूले थप

27 ट्रान्सपरेन्सी इन्टरनेसनल, 'Global Corruption Report. Corruption in Judiciary 2007: Corruption and Judicial Systems' (२००७) XXI.

28 मोफेट (Moffet), Reparations and War, अनुच्छेद १८५.

29 एल. मोफेट र एस. ऊला (L Moffet and S Oola), 'Report: "Cul Pi Bal" - Reparations for the Northern Ugandan Conflict - Reparations, Responsibility & Victimhood in Transitional Societies (qub.ac.uk)'. (२०२०), अनुच्छेद १५ (Moffet and Oola, Cul Pi Bal).

30 आर.सी.एन. रेडियो, 'Escándalo en Fondo de Reparación de las Víctimas: Arrendaban Inmuebles a $4.000' (२ नोवेम्बर २०२२); ला एफएम, 'Unidad de Víctimas se Convirtió en un Festín de Corrupción: Petro' (२२ मार्च २०२३)

31 म्यानमार सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ५७.

32 ट्रान्सपरेन्सी इन्टरनेसनल बंगलादेशको २०२२ को प्रतवेिदन, अनुच्छेद ८.

33 संयुक्त राष्ट्रसंघीय मानवअधकिार उच्चायुक्तको कार्यालय (OHCHR), 'Rule-of-law- tools for Post-Conflict States' (२००८) HR/PUB/08/1, V.

34 संक्रमणकालीन समाजहरूमा परपूिरण, जम्मिेवारी र पीडति हुनुको अवस्था (Reparations, Responsibility & Victimhood in Transitional Societies), 'Belfast Guidelines on Reparations in Post-Conflict Societies' (२०२२).

35 सत्य, न्याय, परपूिरण तथा नदोहोरनि प्रत्याभूतकिो प्रवर्द्धन सम्बन्धी संयुक्त राष्ट्रसंघीय वशिेष समाधीक्षक, 'Contemporary Perspectives on Transitional Justice Issues' (२०२३), अनुच्छेद १६.

36 मोफेट (Moffet), Reparations and War, अनुच्छेद २२८.

37 IACtHR, कान्तोस वि. अर्जेन्टनिा. Merits, Reparations and Costs. २८ नोबेम्बर २००२ को फैसला. शृंखला सी. नं. ९७, अनुच्छेद ५४.

38 यूरोपयिन कोर्ट अफ ह्युमन राइट्स (ECtHR), कजिव्सका वि. पोल्याण्ड (फैसला), नं. ७३००२/०१ (६ सेप्टेम्बर २००७), अनुच्छेद ४६.

39 ECtHR, स्तान्कोव वि. बुल्गेरयिा (फैसला), नं. ६८४९०/०१ (१२ जुलाई २००७), अनुच्छेद ५०-६७.

40 रड्रिेस, 'Communication of 21 November 2014' (२०१४), अनुच्छेद ४२.

41 ऐ., अनुच्छेद १८.

42 एफआइडीएच (FIDH), 'DRC: Victims of Sexual Violence Rarely Obtain Justice and Never Receive Reparations. Major Changes Needed to Fight Impunity' (२०१३), अनुच्छेद ५२.

नरिाशा र पीडाहरू सरि्जना गर्छन् । बोस्नयिा र हर्जेगोभनिाका द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूले अदालतको उच्च खर्चका कारण थप तनावको सामना गर्ने गरेको प्रष्टै छ ।[43]

| *ए वी. बोस्नयिा हर्जगोवनिा,* यातना वरि्द्धको समति[44] | | | |
|---|---|---|---|
| **परविेश** | पूर्व युगोस्लाभयिाबाट स्वतन्त्र भएपछि सन् १९९२ देखि १९९५ सम्म सशस्त्र द्वन्द्व भयो । देशमा हसिा बढ्दै गयो, जसले मानवअधकिार उल्लङ्घनका घटनाहरू नम्ित्यायो । करबि २०,००० व्यक्तहिरूयौन हसिाको सकिार भएका थए, जसमा अधकिांश महलिाहरू थए । यी अपराधहरू मुख्यतः जातीय असहष्णिुताका कारण भएका थए । | | |
| **तथ्यहरू** | सन् १९९३ मा, भोगोस्काेमा रपिब्लकिा सर्प्सका सेनाका एक सदस्यले अर्को जातीय समूहकी एक महलिालाई दुई पटक बलात्कार गरे । फलस्वरूप, उनी गर्भवती भइन् र पछि उनको गर्भपतन गर्नुपर्‍यो । पीडतिले गम्भीर शारीरकि र मानसकि पीडा भोग्नुपरेको थयिो । बदलाको डरले, उनले सन् २०१४ सम्म उक्त घटना बारे उजुरी गरनिन् । पछि पीडक वरि्द्ध फौजदारी कारवाही सुरु गरयिो । सन् २०१५ मा पीडकलाई नविेदकको बलात्कार गरेकोमा युद्ध अपराधको लागि दोषी ठहर गरयिो । घरेलु नर्णियले पीडतिलाई क्षतपूिर्तकिो रूपमा पीडकले ३०,००० मार्का (लगभग १५,३४० यूरो) तर्नि आदेश दएिको छ । घरेलु कारवाही सक्रयि भए पनि पीडकको आर्थकि असमर्थताका कारण क्षतपूिर्ति प्राप्त हुन सकेको छैन । पीडकले क्षतपूिर्ति दनि नसकेमा वा नचाहेमा क्षतपूिर्ति सुनश्चिति गर्नका लागि बोस्नयिाली कानूनमा सहायक दायत्विको प्रावधान छैन । संवैधानकि अदालतले पनि द्वन्द्वको समयमा भएका बलात्कारको उजुरीमा हदम्याद लगाएर द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूको न्यायमा पहुँचलाई सीमति गरेको छ । | | |
| **उजुरी दएिको मति** | १ नोवेम्बर २०१७ | **फैसला भएको मति** | ११ सेप्टेम्बर२०१९ |
| **ACommHPR को नर्णिय** | यातना वरि्द्धको समतिले :<br>- पीडतिलाई राज्यले प्रभावकारी कानूनी उपचार दनि नसकेको पायो<br>- हदम्यादको प्रावधान महासन्धि अनुरूप नरहेको कुरालाई प्रकाश पार्‍यो<br>- घरेलु कानूनमा सहायक दायत्विको प्रावधान राख्नुपर्ने कुराको महत्वलाई जोड दयिो | | |
| **परपूिरण** | वयक्तगित : वसि्तृत पुनर्स्थापनाका उपायहरू र सार्वजनकि रूपमा माफी माग्ने लगायतका द्रुत एवं प्रभावकारी परपूिरण<br><br>समग्र : यौन हसिा लगायतका युद्ध अपराधका पीडति/प्रभावतिहरूको सर्वांगीण परपूिरणका लागि परपूिरणका प्रभावकारी योजना स्थापना गर्ने | | |
| **बाधाहरू** | घरेलु कानूनमा हदम्यादको व्यवस्था<br><br>पीडकको आर्थकि असमर्थता र सहायक दायत्विको प्रावधान नहुनु<br><br>अदालतको खर्च र शुल्कहरू उच्च हुनु | | |

कानूनी सहायताको अभाव : वशिेष गरी कानूनी सहायता उपलब्ध नभएको वा कम गुणस्तर भएका ठाउँहरूमा वकलिको खर्च पनि एउटा बाधा हो ।[45] फौजदारी कार्यवाहीका सन्दर्भमा वा परपूिरणको नर्णिय कार्यान्वयन खोज्ने सन्दर्भमा कानूनी सहायता प्रायः उपलब्ध हुने गर्दैन । बोस्नयिा र हर्जेगोभनिामा, फौजदारी कार्यवाही मार्फत परपूिरण प्राप्त गर्न खोजेका तर हदम्याद सकएिको कानूनको आधारमा (गलत रूपमा) अस्वीकार गरएिका पीडतिहरूले आफ्नै शुल्क मात्र नभई कथति पीडकहरूले गरेको खर्च समेत तर्नुिपरेको थयिो । जसकारण धेरैजना ऋणमा डुबे वा टाट पल्टए ।[46] IACtHR ले वशिेषगरी गम्भीर मानव अधकिार उल्लङ्घनका पीडति/प्रभावतिहरूलाई न्यायमा पहुँच गर्न बाधा हुनेगरी कुनै कानूनी सहायता उपलब्ध

43 बोस्नयिा-हर्जगोभनिा सम्बन्धी जीएसएफको अध्ययन, , अनुच्छेद ५९-६१.

44 यातना वरि्द्धको समति (CAT). ए. वी. बोस्नयिा र हर्जगोभनिा, नं. ८५४/२०१७, UN Doc CAT/C/67/D/854/2017 (२ अगस्त २०१९), (CAT A/ BiH 2019 Decision); बोस्नयिा-हर्जगोभनिा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद १३.

45 जीएसएफ, राइट्स फर पसि, नुवेदा र सल्मीन चरति् (GSF, Rights for Peace, Nuweda, and Salmeen Charit). 'Sudan Study on Opportunities for Reparations for Survivors of Conflict-Related Sexual Violence' (२०२३), अनुच्छेद ३८ (सुडान सम्बन्धी जीएसएफको अध्ययन).

46 बोस्नयिा-हर्जगोभनिा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ६०-६२.

नगराइएको अवस्थामा परपूिरणसम्बन्धी कार्यवाहीको लागि वकिलिको आवश्यकता हुने कुरा पहिचान गरेको छ।[47] त्यसबाहेक, पीडति वा प्रभावतिले अदालतमा बोलनि भन्दा भन्दिै भाषा बोल्छन् भने, अनुवाद खर्च पनि बाधाको रूपमा आउन सक्छ।[48]

राजनीतकि इच्छाशक्तकिो अभाव : राजनीतकि इच्छाशक्तकिो अभाव एक यस्तो चुनौती हो, जसले द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूको परपूिरणमा पहुँचलाई कठनि बनाइदन्िछ। उदाहरणका लागि, *एसए वि. कङ्गो*को मुद्दामा, परपूिरण वतिरणमा राज्यको संवेदनशलिताको कमीले नै द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूका लागि परपूिरण वतिरण गर्न उदासनिता रहेको सङ्केत गर्छ। ACommHPR लाई पेश गरएिको पत्रमा, पीडति/प्रभावतिका प्रतनिधिहिरूले न्याय तथा मानव अधकिार मन्त्रालयलाई परपूिरणको रकम भुक्तानीको लागि गरएिको रकम वनियिोजन अपर्याप्त रहेको कुरालाई उजागर गरे।[49] पनिल कास्त्रो कास्त्रो वि. पेरुको मुद्दामा, IACtHR अदालतले नर्िणय गरेको दुई वर्ष पछमिात्र सरकारले जानकारीहरू उक्त अदालतलाई उपलब्ध गरायो[50] र आदेश दइिएका परपूिरणका सबै उपायहरू सम्बोधन गर्न राज्य असफल भयो।[51] नेपालमा, राज्यले मानवअधकिार समतिलिाई प्रतवेिदन बुझाएको छैन र यस प्रतवेिदनमा उल्लेख गरएिका नर्िणयहरू कार्यान्वयनमा पीडति/प्रभावतिहरूलाई संलग्न गरेको पनि छैन ।

## कानूनी तथा संस्थागत अवरोधहरू

प्रभावकारी कानूनी ढाँचा र संयन्त्रको अभाव एक यस्तो साझा चुनौती हो, जसका कारण द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूले परपूिरणमा पहुँच गर्न अवरोधको सामना गर्छन्। त्यसबाहेक, सम्पत्ति पत्ता लगाउने र जफत गर्ने पर्याप्त संयन्त्रको अभावले द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूका लागि लगायत परपूिरणका आदेश कार्यान्वयनमा ठूलो अवरोध खडा हुने गर्छ। त्यस्ता अवस्थामा पीडति/प्रभावतिहरूको व्यक्तगित परपूिरणमा योगदान दनि राज्यको सहायक दायत्वि महत्त्वपूर्ण हुन्छ, तर यसलाई अक्सर बेवास्ता गरेको पाइन्छ।

घरेलु नर्िणयहरूको कार्यान्वयनमा कानूनी संयन्त्रको अभाव : घरेलु अदालतहरूले फैसला गरेका परपूिरणको प्रभावकारी उपलब्धता सुनश्चिति गर्न सुपष्ट तथा पहुँचयुक्त संयन्त्र हुनु आवश्यक हुन्छ। ग्वाटेमालाको प्रख्यात सेपुर जार्को मुद्दामा, घरेलु फौजदारी अदालतद्वारा गरएिका परपूिरणका आदेश कार्यान्वयन गर्ने सुपष्ट संयन्त्रहरूको अभाव मुख्य अवरोध थयिो।[52] यसको सम्बोधनका लागि, अदालतको आदेश कार्यान्वयनका लागि जम्मिेवार नकायिहरू संलग्न भएको समतिहिरू गठन गरएि र उक्त प्रक्रयिामा पीडति/प्रभावतिहरूको पनि सक्रयि संलग्नता रहेको थयिो।[53]

| ***आरआर, केआर र एसआर वि. नेपाल,* मानव अधकिार समति**[54] | |
|---|---|
| **परवेिश** | नेपालमा माओवादी समूहका रूपमा चनिनिे कम्युनष्टि पार्टी र सरकारबीच भएको सशस्त्र द्वन्द्व (सन् १९९६-२००६) को परणिामस्वरुप यातना, बाँच्न पाउने अधकिारबाट वञ्चति, जबरजस्ती बेपत्ता, स्वेच्छाचारी पक्राउ र यौन हिंसा लगायतका नागरकि वरिुद्धका गम्भीर मानवअधकिार उल्लंघनहरू भएका छन्।<br><br>रुढवािदी सोच, हेयभाव र कलंक साथै हदम्यादका कारण द्वन्द्वसँग सम्बन्धति यौन हिंसाको उजुरी नकिै कम भयो। |

47 IACtHR, इतुआंगो नरसंहारहरू वि. कोलोम्बयिा. Preliminary Objections, Merits, Reparations and Costs. १ जुलाई २००६ को फैसला. शृंखला सी. नं. १४८, अनुच्छेद ३४२.

48 म्यानमार सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ६१.

49 रड्रिेस, 'Communication of 21 November 2014' (२०१४).

50 IACtHR कास्ट्रो/पेरु अनुगमन आदेश २०१४, अनुच्छेद ३.

51 ऐ, अनुच्छेद १.

52 एस. साकोउतो, ए. फोर्ड ओउबा, सी. मार्टनि (S SáCouto, A Ford Ouoba, and C Martin), 'Documenting Good Practice on Accountability for Conflict-Related Sexual Violence: The Sepur Zarco Case' (२०२२) १०९ (SáCouto, Ford Ouoba and Martin).

53 ऐ.

54 पूरणमायाको मुद्दामा मानवअधकिार समतिकिो नर्िणय; रड्रिेस, 'Nepal Found Responsible for the Extrajudicial Killing and Torture, Including Rape, of Girl During the Civil War, UN Human Rights Body Finds'(२५ मे २०२२); मानवअधकिार उच्चायुक्तको कार्यालय, 'Nepal Conflict Report an Analysis of Conflict-Related Violations of International Human Rights Law and International Humanitarian Law between February 1996 and 21 November 2006' (२०१२); जी. शर्मा र अन्य, 'Report: From Relief to Redress - Reparations in Post-Conflict Nepal' (२०१९), अनुच्छेद ४६-४७.

| | | | |
|---|---|---|---|
| **तथ्यहरू** | आरआर (१६ वर्षीया) लाई सन् २००४ मा शाही नेपाली सेनाका सदस्यहरूले बलात्कार गरी हत्या गरेका थिए। उनीहरूले उनी माओवादी समूहसँग आबद्ध रहेको आरोप लगाएका थिए। उनको परविारले भोलपिल्ट प्रहरीलाई यी अपराधहरूबारे उजुरी गरेको भएपनि, प्रहरी अधकिारीहरूले कुनै अनुसन्धान गरेनन्। आरआरलाई सुरक्षा बलले हत्या गरेको तथ्य नेपालको राष्ट्रयि मानव अधकिार आयोगले सन् २००५ मा पत्ता लगाएको थियो (तत्पश्चात् सर्वोच्च अदालतले सन् २००९ मा तत्काल छानबनि गर्न आदेश दएिको थियो)। मुख्य अभयिुक्तलाई प्रमाणको अभावका कारण सन् २०१३ मा सफाइ दइियो। | | |
| **उजुरी दएिको मति** | १० डसिम्बर २०१५ | **फैसला भएको मति** | २० मे २०२२ |
| **मानव अधकिार समतिकिो नर्णिय** | मानव अधकिार समतिलिे तलका कुराहरूको लागि नेपाल जम्मिेवार रहेको पायो :<br>- स्वेच्छाचारी पक्राउ, बलात्कार लगायतका यातना, जीवनबाट बान्चति, लैङ्गकि वभिेद, बालबालकिालाई संरक्षण दनि नसक्नु, अभभिावकलाई प्रभावकारी कानूनी उपचारको अभाव<br>- अनुसन्धान गरेर अपराधका लागि जवाफदेहति स्थापति गर्न असफल भएको<br><br>उल्लङ्घनहरूको गाम्भीर्यतालाई मध्यनजर गर्दा, आरआरको आफन्तलाई दइिएको क्षतपिुर्ति अपर्याप्त रहेको कुरा पनि मानव अधकिार समतिलिे टप्पिणी गरेको थियो। | | |
| **परपिूरण** | <u>व्यक्तगित :</u> नविदेकहरूका लागि प्रभावकारी कानूनी उपचार एवं पूर्ण परपिूरण, अनुसन्धान तथा अभयिोजन, नशिुल्क मनोवैज्ञानकि तथा चकित्सिीय पुनर्स्थापना, क्षतपिुर्ति, सार्वजनकि रूपमा माफी माग्ने र आरआरको नाममा स्मृति जस्ता सन्तुष्टकिा उपायहरू।<br><br><u>समग्र :</u> बलात्कारमा हदम्याद हटाउने, यातनाका लागि उचति दण्ड र कानूनी उपचार, आदि लगायतका कानूनी सुधार। | | |
| **बाधाहरू** | संयुक राष्ट्रसंघीय समतिहिरूले जारी गरेका धारणा लगायतका अन्तराष्ट्रयि नर्णियहरू कार्यान्वयन गर्न सुपष्ट घरेलु संयन्त्रहरूको अभाव।<br><br>द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिहरूलाई मान्यता दनि र त्यसमा सुधार गर्नका लागि राजनीतकि इच्छाशक्तकिो अभाव।<br><br>हेयभाव/कलंक। | | |

<u>अन्तर्राष्ट्रयि नर्णियहरू कार्यान्वयन गर्ने संयन्त्रको अभाव :</u> केही राज्यहरूले अन्तर्राष्ट्रयि नर्णियहरू पालना गर्नको लागि घरेलु संयन्त्रहरू स्थापना गरेका छन्।[55] सामान्यतया, मानवअधकिार नकिायले कुनै पनि परपिूरण आदेश सहतिको नर्णिय बारे परराष्ट्र मन्त्रीलाई जानकारी गराउँछ र सो नर्णिय लागू भएको सुनशि्चति गर्न सम्बन्धति नकिायहरूलाई उक्त सूचना प्रवाह गर्न परराष्ट्र मन्त्री जम्मिेवार हुनुपर्छ।[56] *पनिल मगिुएल क्यासट्रो क्यास्ट्रो वि. पेरू*[57] को मुद्दामा बाँच्न पाउने अधकिारको उल्लङ्घन र थुना केन्द्रमा सैन्य कार्यवाहीको क्रममा स्वतन्त्रताबाट वञ्चति महलिाहरू वरिुद्ध द्वन्द्वसँग सम्बन्धति यौन हसिा भएको थियो। उक्त मुद्दामा IACtHR ले पीडति/प्रभावतिहरूलाई क्षतपिूर्ति सहति वसि्तृत परपिूरणका उपायहरू लागू गर्ने आदेश दएिको थियो। यद्यपि, क्षतपिूर्तकिो भुक्तानीको लागि घरेलु न्यायाधीशले IACtHR द्वारा आदेश दइिएको क्षतपिूर्तकिो बारेमा नर्णिय गर्नुपर्ने वकिल्प राज्यले अघि सार्‍यो। यो अवधारणाको आलोचना गर्दै IACtHR ले यस नर्णियको कार्यान्वयन लामो न्यायकि समीक्षा प्रक्रयिामा नर्भिर हुनु हुँदैन भन्ने टप्पिणी गर्‍यो, जुन समीक्षा प्रक्रयिाले अहलिेसम्म कुनै परणिाम दनि सकेको छैन।[58] यो प्रतवदिन लेख्दासम्म पनि, क्षतपिूर्ति भुक्तानी भएको थएिन।[59] *सान्टो डोमङ्गिोको नरसंहार वि. कोलम्बयिा*को मुद्दामा, IACtHR नर्णियको पालना गर्न पीडति/प्रभावति र क्षतपिूर्ति रकम पहचिानका लागि घरेलु संयन्त्र स्थापना गर्न धेरै समय लगाइएको कारण IACtHR ले आदेश दएिको क्षतपिूर्ति रकम भुक्तानीमा उल्लेखनीय ढलिाइ भएको थियो।[60] यो मुद्दा द्वन्द्वसँग सम्बन्धति यौन हसिासम्बन्धी नभए पनि, नर्णिय जारी भएपछि

55 IACHR, 'National Mechanisms to Implement International Recommendations and Decisions Concerning Human Rights' (२०२३) OEA/ Ser.L/V/II. Doc. 8/23, अनुच्छेद ६.

56 आर. मुर्रे र सी. डे वोस (R Murray and C De Vos), 'Behind the State: Domestic Mechanisms and Procedures for the Implementation of Human Rights Judgments and Decisions' (२०१२) अंक १२, जर्नल अफ ह्युमन राइट्स प्राक्टसि (Journal of Human Rights Practice), अनुच्छेद २४.

57 IACtHR, मगिल कास्ट्रो कास्ट्रो कारागार वि. पेरु, फैसला अनुसारको अनुपालनको अनुगमन . ३१ मार्च २०१४ को आदेश, अनुच्छेद ७१ (IACtHR Castro/ Peru monitoring Order 2014).

58 ऐ.

59 ऐ, अनुच्छेद २३.६.

60 IACtHR, सान्ट्रो दोमनि्गो नरसंहार वि. कोलोम्बयिा. फैसला अनुसारको अनुपालनको अनुगमन. २२ नोवेम्बर २०१८ को आदेश, अनुच्छेद ३२.

घरेलु संयन्त्र स्थापना गर्नु पर्ने कारणले कार्यान्वयनमा पर्न सक्ने प्रभाव र त्यसकारण न्यायमा र पीडति/प्रभावतिहरूलाई क्षतपिूर्त प्रिदान गर्नमा हुन सक्ने ढलिाइ बारे यसले प्रकाश पार्छ।

| ***पनिल मगिुएल क्यास्ट्रो क्यास्ट्रो वि. पेरू,* IACtHR**[61] | | | |
|---|---|---|---|
| **परविेश** | पेरुमा सन् १९८०-२००० सम्म पर्तदिो कम्युनस्टि डेल पेरु-सेंदेरो लुमनिोसो र सरकार बीच भएको सशस्त्र द्वन्द्वमा व्यापक अन्तर्राष्ट्रयि मानव अधकिार र मानवीय कानूनको उल्लङ्घन भएका थिए।<br><br>प्रणालीगत रूपमा द्वन्द्वसँग सम्बन्धति यौन हसिा भएको र महलिा तथा कशिोरीहरू बढी प्रभावति भएका थिए।<br><br>पीडकहरूमा वध्विंसक समूह र पेरुभयिन अधकिारीहरू थिए। | | |
| **तथ्यहरू** | सन् १९९२ मा फुजमिोरीको तानाशाहको समयमा, क्यास्ट्रो क्यास्ट्रो जेलमा थुनएिका महलिाहरूलाई सान्ता मोनकिाको उच्च सुरक्षासहतिको जेलमा स्थानान्तरण गरेर वद्रिोहको प्रतकिार्य अभयिानको योजना बनाइएको थियो। सरकारले वध्विंसक समूहमा संलग्न भएको आशंका गरेका केही बन्दीहरूलाई लक्षति गर्ने योजना बनाइएको संकेत गर्ने प्रमाणहरू देखा परेका छन्। यस कार्यवाहीको परणिामस्वरूप ४१ जना कैदीको मृत्यु भयो र धेरै घाइते भए। पीडतिहरूमध्ये, सातजना महलिाले पेरुभयिन सुरक्षाकर्मीहरूद्वारा जबरजस्ती नग्नता र योनि नरीक्षण लगायतका यौन हसिाको अनुभव गरे। | | |
| **उजुरी दएिको मति** | १८ मे १९९२ | **फैसला भएको मति** | २५ नोवेम्बर २००६ |
| **IACtHR को नर्णिय** | IACtHR ले:<br>- ४१ जना व्यक्तकिो बाँच्न पाउने अधकिारको उल्लङ्घनका लागि राज्यलाई उत्तरदायी ठहर गर्‍यो।<br>- प्रभावकारी अनुसन्धान र अभयिोजनको कमीको लागि राज्यलाई जम्मिेवार बनायो।<br>- महलिाहरूलाई जबरजस्ती नग्नता, बलात्कार मान्न सकनि योनि नरिीक्षण र यातना सहतिका अन्य प्रकारका यौन हसिाको लागि राज्य जम्मिेवार रहेको ठहर गर्‍यो। | | |
| **परपिूरण** | <u>व्यक्तगित :</u> राज्यका उच्च अधकिारीहरू लगायतले सार्वजनकि रूपमा माफी मागनु पर्ने, पुनर्स्थापना (स्वास्थोपचार र मनोवैज्ञानकि सहयोग), र क्षतपिूर्ति।<br><br><u>समग्र :</u> पेरुको सुरक्षा बलका सदस्यहरूका लागि मानवअधकिार सम्बन्धी तालमि कार्यक्रम, ज्यान गुमाएका पीडतिहरूको स्मृतस्थिल बनाउने, आदि। | | |
| **बाधाहरू** | प्रभावकारी परपिूरण उपलब्ध गराउनमा राजनीतकि इच्छाशक्तकिो अभाव।<br><br>परपिूरण कार्यान्वयनका लागि घरेलु न्यायकि समीक्षा प्रक्रयिा एउटा पूर्वसर्तका रूपमा रहनु। | | |

<u>कानून प्रवर्तन गर्ने माध्यमहरूको अभाव :</u> परपिूरणका उपायहरूको कार्यान्वयन प्रशासन वा संस्थाहरूले आफ्नो स्ववविेकमा गर्नेगरी छोडनिु हुँदैन। *एसए वि. डीआरसीको* मुद्दामा सामना गर्नुपरेको एउटा महत्त्वपूर्ण अवरोध भनेको, डीआरसीको कानूनमा सरकारी सम्पत्ति जफत गर्न नषिेध गरएिकोले पीडति/प्रभावतिहरूका लागि परपिूरणका नर्णिय लागू गर्न चुनौतीपूर्ण भयो। यस प्रतबिन्धका कारण परपिूरण आदेशहरूको पालना र कार्यान्वयनका लागि पीडति/प्रभावतिहरूले सरकारको सद्भावनामा भर पर्नु बाहेक अर्को वकिल्प छैन।[62]

61 सत्य नरुिपण तथा मेलमलिाप आयोग, 'अन्तमि प्रतवदिन' (२००३), अनुच्छेद ५३, २६३.
62 रड्रिेसले ACommHPR लाई प्रस्तुत गरेको संचार (<u>Communication</u>) हेर्नुहोस्, (२०१४), अनुच्छेद ४१.

| *एसए वि. डीआरसी*, ACommHPR[63] | |
|---|---|
| **परिवेश** | डीआरसीमा सन् १९९८ देखि २००३ सम्म भएको सशस्त्र द्वन्द्वमा, विद्रोही पक्ष र कङ्गोली सुरक्षा बल दुबैले यौन हिंसालाई एक हतियारका रूपमा व्यापक प्रयोग गरे।[64]<br><br>सर्वसाधारणमा त्रास फैलाउन हिंसालाई प्रयोग गरियो।[65]<br><br>अझैसम्म तनाव जारी छ र द्वन्द्वसँग सम्बन्धित यौन हिंसा व्याप्त छ।[66] |
| **तथ्यहरू** | एसएलाई सन् २००० को दशकको उत्तरार्धमा कङ्गोली सशस्त्र बलका एक सिपाहीले उनको आफ्नै घरभित्रै बलात्कार गरेको थियो। त्यस सिपाहीले उनको परिवारले बचत गरेर राखेको रकम पनि चोरेको थियो। घटनाको समयमा, एसएका बच्चाहरू आफ्नो खाटमुनि लुकेका थिए। एसएले पीडकलाई औपचारिक पोशाक लगाएका आफ्नै छिमेकी रहेको भनि पहिचान गरिन्। उक्त घटनाबारे एसएले सम्बन्धित अधिकारीहरूलाई तुरुन्तै जानकारी गराएकाले पीडकलाई पक्राउ गरी कारबाही गरियो।<br><br>अपरेशनल मिलिटिरी ट्रिब्युनलले बलात्कार र लुटपाटको युद्ध अपराधको लागि उक्त पीडकलाई दोषी ठहरायो, जेल सजाय तोक्यो, र पीडक र राज्यले एसएलाई क्षतिपूर्ति दिनुपर्ने भनि जिम्मेवार ठहरायो। तर एसएले त्यो क्षतिपूर्ति कहिल्यै पाइनन्। |
| **परिपूरण** | क्षतिपूर्ति रकम भुक्तानी र चोरिएका सामान/रकम फिर्ता गर्नुपर्ने |
| **बाधाहरू** | - राज्यविरुद्धका फैसला लागू गर्ने उपायहरूको अभाव<br>- फैसला लागूका लागि लाग्ने शुल्क अत्याधिक<br>- कार्यान्वयनका लागि कानूनी सहायता वा सहयोगको अभाव |
| **बाँकी** | ACommHPR मा यो मुद्दा विचाराधीन रहेको छ |

सम्पत्ति पुनर्प्राप्ति गर्ने उपायहरूको अभाव : व्यक्तिगत दायित्व समावेश भएका मुद्दाहरूमा गरिएका निर्णय पूरा गर्न पीडकसँग पर्याप्त आर्थिक स्रोत नहुन सक्छ, र सम्पत्ति पत्ता लगाउन र जफत गर्नको लागि पर्याप्त कानूनी प्रक्रियाहरू नहुन सक्छन्। बोस्निया र हर्जेगोभिनामा, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितका लागि परिपूरण कार्यान्वयनमा ढिलाई बारे विभिन्न अन्तर्राष्ट्रिय निकायहरूले चिन्ता व्यक्त गरेका छन्।[67] परिपूरण दाबी गर्न पीडित/प्रभावितहरूसँग निकै थोरै उपाय उपलब्ध छन्।[68] पीडकहरू विरुद्ध फैसला भएका भएपनि, पीडक निर्धन भएको दाबीका कारण धेरैवटा निर्णयहरू कार्यान्वयन हुन सकेका छैनन्।[69] *ए वि. बोस्निया र हर्जेगोभिना*को मुद्दामा, पीडितले भोज्स्का रिपब्लिक स्प्र्सका सदस्यद्वारा बलात्कार र अन्य प्रकारका यौन हिंसाको सामना गर्नुपरेको थियो। पीडकलाई दोषी ठहर गरियो र क्षतिपूर्ति तिर्न आदेश दिइएको थियो, तर पीडकले क्षतिपूर्ति आदेशको पालना गर्न असफल भए। राज्यसँग यातनाबाट पीडितहरूले क्षतिपूर्ति प्राप्त गर्ने सुनिश्चितताका लागि आवश्यक कानून वा कानून प्रवर्तन प्रक्रियाहरू नभएको र सहायक दायित्वको सिद्धान्त अन्तर्गत पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आफ्नो दायित्व पूरा गर्न राज्य असफल भएको कुरा यातना विरुद्धको समितिले ठहर गर्‍यो।[70] *हिसेन हब्रे* मुद्दामा, एक्स्ट्राअर्डिनरी अफ्रिकन चेम्बर्स (ईएसी) ले हिसेन हब्रेको सम्पत्तिहरू पुन: प्राप्ति सहित पीडित/प्रभावितहरूका लागि आदेश दिइएको क्षतिपूर्ति वितरण गर्न अफ्रिकी युनियन (एयू)ले एक कोष स्थापना गर्नुपर्ने आदेश दिएको थियो।[71]चाडको राज्यले पीडकहरूको सम्पति जफत गर्ने उपायहरू अवलम्बन गरेको छैन। सेनेगलमा, हब्रेको एक घर र दुई बैंक खाता जफत गरिए पनि, अन्य सम्पत्ति पत्ता लगाउन ढिलाइ भएकाले, ती सम्पत्ति तेस्रो मुलुकमा तेस्रो व्यक्तिको नाममा हस्तान्तरण

63 रिड्रेस, 'एसए वि. डीआरसी'.
64 ह्युमन राइट्स वाच (Human Rights Watch), Sexual Violence in the Congo War: A Continuing Crime' (२००५).
65 संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, 'Rapport sur la Torture et Autres Peines ou Traitements Cruels, Inhumains ou Dégradants en République Démocratique du Congo du 1er Avril 2019 au 30 Avril 2022' (२०२२), अनुच्छेद ५९.
66 संयुक्त राष्ट्रसंघका महासचिवको २०२२ को द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे प्रतिवेदन, UN Doc S/2022/272, अनुच्छेद २७.
67 संयुक्त राष्ट्रसंघका महासचिवको २०२२ को द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे प्रतिवेदन, UN Doc S/2022/740, अनुच्छेद ४४; महिला विरुद्धको भेदभाव अन्त्य सम्बन्धी समिति, 'Concluding Observations on the Sixth Periodic Report of Bosnia and Herzegovina' (२०१९) UN Doc CEDAW/C/BIH/CO/6, अनुच्छेद १५.ई
68 बोस्निया-हर्जगोभिना सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ६२-६४.
69 ऐ.
70 यातना विरुद्धको समिति (CAT) A/BiH २०१९ निर्णय, अनुच्छेद ७.६.
71 इएसी, अपील चेम्बर, सामान्य अभियोजनकर्ता वि. हिसेन हब्रे, (२७ अप्रिल २०१७), (इएसीको अपील निर्णय).

भएको छ।[72] रोम वधिानमा राज्य पक्षहरूमा सम्पत्ति जफतका पर्याप्त घरेलु कानूनको अभावका कारण दोषी ठहरएिका व्यक्तहिरूको सम्पत्ति पत्ता लगाउने, रोक्का गर्ने र जफत गर्ने काममा चुनौती रहेको कुरा अन्तराष्ट्रयि अपराधको अदालत (आइसीसी)ले पनि उल्लेख गरेको छ।[73]

<table>
<tr><th colspan="5">क्लेमंत अबैफुता र ६,९९९ अन्य वि. गणतान्त्रकि चाड, ACommHPR[74]</th></tr>
<tr><td>परविेश</td><td colspan="4">सन् १९८२ देखि १९९० सम्म हसिेन हब्रेको सत्ता अन्तर्गत, राजनीतकि वपिक्षीहरू वरिुद्ध हसिा र दमनका कारण सशस्त्र द्वन्द्व भयो। प्रमुख अन्तराष्ट्रयि अपराधहरू गर्नमा जम्मिेवार रहेको अभलिेखीकरण तथा सुरक्षा नर्दिेशनालय र सशस्त्र बलहरूमाथि हब्रेले पूर्ण रूपमा नयिन्त्रण राख्थे। संरचनागत दण्डहीनताको अतरिक्ति, द्वन्द्वसँग सम्बन्धति यौन हसिालाई हसिाको एउटा प्रवृत्तकिा रूपमा प्रयोग गरन्िथ्यो।</td></tr>
<tr><td>तथ्यहरू</td><td colspan="4">चाडयिन आपराधकि अदालतद्वारा र सेनेगलको हाइब्रडि न्यायाधकिरण EAC द्वारा गरी दुईवटा मुख्य नर्णिय अपनाइयो।<br><br>चाड : सन् २००० मा, दशजना पीडतिहरूले हब्रे शासनका अधकिारीहरूको कटिनी गरेर उनीहरू वरिुद्ध यातना, हत्या, र जबरजस्ती बेपत्ताको आरोपमा नागरकि पक्षका रूपमा फौजदारी कार्यवाही अघि सारे। हालसम्म दर्ता भएका कुल पीडतिको संख्या ७ हजार पुगेको छ। चाडको अदालतले अन्य सजायका साथसाथै सात जनालाई जन्मकैदको सजाय सुनाएको छ।<br><br>सेनेगल: अफ्रकिन युनयिनको नर्णिय पछि, सेनेगल र अफ्रकिन युनयिनले सन् २०१२ मा चाडमा गरएिका अन्तर्राष्ट्रयि अपराधहरूको सुनुवाईका लागि EAC स्थापना गर्ने सम्झौतामा हस्ताक्षर गरे। फेब्रुअरी २०१३ मा, हब्रेलाई मानवता वरिुद्धको अपराध, युद्ध अपराध र यातनाको अभयिोग लगाइएको थयिो। जुलाई २०१६ मा, EAC ले हब्रेलाई धेरै प्रमुख अन्तर्राष्ट्रयि अपराधहरूमा दोषी पाएपछि, उनलाई आजीवन कारावासको सजाय सुनाइयो (अपील चेम्बरले पनि समर्थन गरेको)।</td></tr>
<tr><td rowspan="3">उजुरी दएिको मति</td><td>चाडको अदालत : अक्टोबर २०००</td><td rowspan="3">फैसला भएको मति</td><td colspan="2">चाडको अदालत : मार्च २०१५</td></tr>
<tr><td>EAC : २२ अगस्त २०१२</td><td colspan="2">EAC : २७ अप्रलि २०१७</td></tr>
<tr><td>ACommHPR: नोवेम्बर २०१७</td><td colspan="2">ACommHPR: वचिाराधीन</td></tr>
<tr><td>परपिूरण</td><td colspan="4"><u>चाडको अदालतको आदेश :</u><br>- दोषी ठहरएिका अधकिारीहरू र राज्यले पीडतिहरूलाई सीएफए ७५ अर्ब क्षतपिूर्ति तर्नुिपर्ने<br>- क्षतपिूर्तकिा लागि कार्यान्वयन आयोग गठन गर्नुपर्ने<br>- स्मारकहरू र एउटा संग्रहालय नर्मिाण गर्नुपर्ने<br><br><u>EAC अपील चेम्बरको आदेश :</u><br>- ८२,२९० अर्ब सीएफए बराबरको रकम पीडतिहरूलाई क्षतपिूर्तकिा रूपमा तर्िने<br>- क्षतपिूर्ति वतिरणका लागि अफ्रकिन युनयिनले एक कोष खडा गर्नुपर्ने आदेश</td></tr>
</table>

72 जीएसएफ, रड्रिेस र मानवअधकिार संरक्षण प्रवर्द्धनका लागि चाडयिन संगठन (GSF, REDRESS and Association Tchadienne pour la Promotion et la Défense des Droits de l'Homme), '<u>Chad Study on Opportunities for Reparations for Survivors of Conflict-Related Sexual Violence: Breaking the Silence</u>' (२०२३), अनुच्छेद ५५.

73 आइसीसी (ICC), '<u>Financial investigations and recovery of assets</u>' (२०१७), अनुच्छेद १६.

74 रड्रिेस, '<u>क्लेमंत अबैफोउता र ६,९९९ अन्य वि. चाड गणतन्त्र</u>' (हसिेन हब्रे मुद्दा); चाड, न्'द्जमेना (N'Djamena) वशिेष फौजदारी अदालत, नर्णिय, नं. ०१/१५ (२५ मार्च २०१५); इएसीको अपील नर्णिय.

| | |
|---|---|
| **बाधाहरू** | चाडका अधिकारीहरूले कार्यान्वयन आयोग स्थापना गर्न, राष्ट्रिय निर्णयहरू कार्यान्वयन गर्न, दोषी ठहरिएका अधिकारीहरूको सम्पत्ति पहिचान र जफत गर्न वा क्षतिपूर्ति आदेश अनुरूप आफूले तिर्नुपर्ने रकम तिर्न राजनीतिक इच्छाशक्ति एकदमै कम देखाउँछन्। प्रतीकात्मक क्षतिपूर्ति पनि अधुरो नै रहेको छ। सन् २०२४ को राष्ट्रपति चुनाव नजिकिँदै गर्दा, चाडले निर्धारित संरचना, पारदर्शिता, छनोटमा स्पष्टता, प्राथमिकता, वा निरन्तरता जस्ता कुरा अवलम्बन नगरिकनै १० अर्ब सीएफए बराबरको पहिलो भुक्तानी सुरु गरेको छ।<br>सन् २०१६ मा स्थापना गरिएको अफ्रिकन युनियन अन्तर्गतको कोषका लागि चाडले प्रतिबद्धता जाहेर गरेको भएपनि, त्यो कोष संचालन हुन सकेको छैन। परिपूरण प्रक्रियाबारे सीमित बुझाइका साथ अफ्रिकन युनियनको राजनीतिक इच्छाशक्ति घटेको देखिन्छ। हब्रेको मृत्यु र अन्तर्राष्ट्रिय सहयोगको अभावले परिपूरणका लागि सम्पत्ति पत्ता लगाउने काममा बाधा पुगेको छ। यसले पीडित/प्रभावितहरूमा थकान र निराशा निम्त्याएको छ।<br>आदेश गरिएको परिपूरणको कार्यान्वयन नभएकोले, हब्रेका पीडितहरूले ACommHPR समक्ष  चाड विरुद्ध मुद्दा दायर गरेका छन्। उक्त मुद्दा हाल विचाराधीन छ। |

# ख. परपिूरण कार्यान्वयन गराउने उपायका रूपमा रणनीतकि कानूनी मुद्दा




© दानिउिल लमिा, सीआइडीएच, वकिमिडियिा कमन्स् (Wikimedia Commons) मार्फ़त सीसी बवाई २.०

अन्तर-अमेरकिी प्रणाली समक्ष आफ्नो मुद्दा मार्फत् द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिका लागजिनिथ बेदोया एक अभयिन्ता बनेकी छन्।

रणनीतकि कानूनी मुद्दा भन्नाले सामान्यतया व्यक्तगित मुद्दाको समाधानभन्दा बृहत् उद्देश्यका साथ गरनिे कानूनी दावी हो भनपिरभिाषति गरएिको छ।[75] यसले नमूना वा प्रतीकात्मक मुद्दाहरू मार्फत व्यापक, संरचनात्मक वा प्रणालीगत समस्याहरूको सम्बोधन गर्ने प्रयास गर्छ। यसको लक्ष्य व्यक्तगित मुद्दामा न्याय प्राप्त गर्नु मात्र नभई, प्रणालीगत मानवअधकिार हनन र तनिलाई प्रश्रय दनिे वृहत् चुनौतीहरूको पहिचान गर्नु पर्नहिो।[76] यसमा राष्ट्रयि, क्षेत्रीय र अन्तर्राष्ट्रयि पैरवीका प्रयासहरू, सामुदायकि संलग्नता, मडियिा र सञ्चार कार्य लगायत कानूनी र गैर-कानूनी दुवै तरकािहरू समावेश हुन्छन्।

रणनीतकि कानूनी मुद्दाको सर्वांगीण अवधारणाले सञ्चालन गरएिका गतविधिहिरूमा व्यक्तगित पीडति/प्रभावतिलाई र वृहत् समुदायलाई उनीहरूले सहज महसुस गरेको हदसम्म केन्द्रमा राख्ने प्रयास गर्छ। यस अवधारणाले परपूिरण प्राप्त गर्ने रणनीतरि वतिरणका वधिहिरूको तयारीमा पीडति/प्रभावतिहरूको संलग्नता अत्यावश्यक हुने कुरालाई मान्यता दनि्छ। यो अवधारणाले पीडति/प्रभावतिका आवश्यकता र चाहनामा केन्द्रति रहँदै, यसले चकिति्सा र मनोसामाजकि सहयोगको प्रावधान, आवश्यक परेको अवस्थामा अन्तरमि राहतका लागसिहजीकरण र सम्भव भएसम्म उनीहरूको सशक्तकिरणको प्रवर्द्धन जस्ता मुख्य पक्षहरूलाई समेट्छ।

परपूिरणका नरि्णयहरू कार्यान्वयन गर्न रणनीतकि कानूनी मुद्दालाई प्रयोग गर्न सकनि्छ। सबै प्रकारका अवस्थामा काम गर्ने कुनै एउटा साझा कार्यान्वयन योजना भने छैन। प्रत्येक मुद्दा फरक हुन्छ, त्यसकारण त्यहाँको वशिेष सन्दर्भ, कानूनी ढाँचा, राजनीतकि वास्तवकिता, संलग्न सरोकारवालाहरू, पीडति/प्रभावतिहरूको अवस्था एवं आवश्यकता, प्रदान गरएिको परपूिरण, नरि्णयको प्रकृतलिगायतका अन्य कारकहरूलाई वचिार गर्नु महत्त्वपूर्ण हुन्छ।

75 रड्रिेस, Practice Note 2: Holistic Strategic Litigation Against Torture, जुन २०२१.

76 संयुक्त राष्ट्रसंघीय मानवअधकिार उच्चायुक्तको कार्यालय, ‘Strategic Litigation for Sexual and Gender-Based Violence: Lessons Learned’ (२०१९), अनुच्छेद १.

## कार्यान्वयन प्रवर्द्धनका लागि मानवअधिकारका मुद्दाको प्रयोग

राष्ट्रयि निर्णयको कार्यान्वयन नहुँदा क्षेत्रीय र अन्तर्राष्ट्रयि मानवअधिकार संयन्त्रहरूमा पहुँच गर्ने गरनिछ र न्यायमा पहुँच गर्ने पीडतिहरूको अधिकारको उल्लङ्घनको रूपमा यनिले परपूरिण प्रदान गर्ने घरेलु निर्णयहरूको कार्यान्वयनको कमीसँग सम्बन्धति मुद्दाहरूमा निर्णय गरेका छन् ।[77] माथि उल्लखिति व्यावहारकि र कानूनी बाधाहरूलाई पार गर्न क्षेत्रीय र अन्तर्राष्ट्रयि मानवअधिकार मुद्दाहरू उपयोगी हुन सक्छन् । मानवअधिकारका मापदण्डहरूका आधारमा निर्णयको अनुपालन भए नभएको पुष्टि गर्ने राष्ट्रयि स्तरभन्दा माथिको संयन्त्र भएकाले, यस्ता मुद्दाले उच्च महत्व पनि पाउन सक्छन् ।

*यूजनि चकुपेवा तथा अन्य वि. डीआरसी*को मुद्दामा, डीआरसीका सैन्य बलहरूले रुवान्डामा गरेको सेना\सैन्य कार्यवाहीको क्रममा यौन हिंसा गरेका थिए ।[78] पीडतिहरू मध्ये केहीले सम्बन्धति निकायमा मुद्दा दायर गरे र फलस्वरूप, पाँचजना पीडकलाई आजीवन कारावासको सजाय दइियो र उनीहरूलाई राज्यसँग मलिर पीडतिहरूलाई क्षतपिूर्ति तिर्न आदेश दइियो । यद्यपि, घरेलु कानूनले राज्य वरिुद्धको निर्णयहरू कार्यान्वयनमा स्ववविकि प्रयोग गर्ने अधकिार अधकिारीहरूलाई दनि भएकाले क्षतपिूर्तसिम्बन्धी घरेलु निर्णय लागू भएन । डीआरसी सरकारले द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूको लागि प्रभावकारी कानूनी उपचार र समाधान सुनश्चिति गर्न असफल भएको संयुक्त राष्ट्रसंघीय मानव अधकिार समतिलिे ठहर गर्‍यो । परपूरिण उपलब्ध नगराउँदा यस्ता अपराधका पीडतिहरूको जोखमि, सीमान्तीकरण र उनीहरूप्रतकिो हेयभाव बढ्ने कुरा पनि उक्त समतिलिे उल्लेख गरेको छ । बोस्नयिाको[79] र कङ्गोको मामलिाहरूमा, पुनर्स्थापनाका उपाय र कानूनी सुधारहरू सहति कार्यान्वयनको कमीसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्बन्धति परपूरिणका थप उपायहरूलाई अन्तर्राष्ट्रयि मानवअधकिार मुद्दाहरूले मान्यता दएिको स्पष्ट देखनिछ । दुवै मामलिामा, परपूरिणको कार्यान्वयनको लागि संरचनात्मक एवं कानूनी अवरोधहरू र तनिको परणिामस्वरूप द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूको सीमान्तीकरणलाई पहचािन गर्न त्यस्ता कानूनी मुद्दाले सन्धि निकायहरूलाई सम्भव बनायो ।

<u>मानव अधकिार प्रतविदेन :</u> परपूरिण कार्यान्वयन गर्न वफिल भएको बारे सचेतना जगाउने र राज्यलाई दबाब दनि अर्को रणनीति भनेको संयुक्त राष्ट्रसंघीय वा क्षेत्रीय निकायहरू, संयुक्त राष्ट्रसंघीय वशिेष समाधक्षिक र कार्यदलहरूलाई छाया प्रतविदेन जस्ता क्षेत्रीय र अन्तर्राष्ट्रयि अनुगमन संयन्त्रहरूको प्रयोग हो । अन्तर्राष्ट्रयि र क्षेत्रीय संयन्त्रहरूसँगको संलग्नताले मुद्दाको महत्व बढाउन र निर्णयहरूको कार्यान्वयनको लागि दबाब सर्जिना गर्न सक्छ । यसबाहेक, प्रत्यक्ष रूपमा परपूरिण उपायहरूको कार्यान्वयनको अनुगमनमा समावेश हुनेगरी यस्ता प्रक्रयिाले यी निकायहरूद्वारा नयाँ सफिारसिहरू अपनाउनमा योगदान पुर्‍याउन सक्छ । उदाहरणका लागि, चाडको वशि्ववव्यापी आवधकि समीक्षाको तेस्रो चक्रमा, हब्रे शासनका ७,००० जना पीडति/प्रभावतिलाई परपूरिण दनि घरेलु फौजदारी निर्णयको कार्यान्वयन नभएको बारेमा त्यहाँका मानवअधकिार संगठनहरूले आफ्नो प्रतविदेनमा उल्लेख गरे ।[80] संयुक्त राष्ट्रसंघका महासचवििले द्वन्द्वसँग सम्बन्धति यौन हिंसा बारेको सन् २०२२ को आफ्नो वार्षकि प्रतविदेनमा, IACtHR द्वारा निर्णय गरएिको जनिथ बेदोयाको मुद्दाको प्रभावलाई प्रतबिम्बिति गर्दै, अदालतले जारी गरेको सफिारसिको महत्त्वलाई ध्यानमा राखेर उक्त मुद्दाको पूर्ण कार्यान्वयनको लागि सफिारसि गरेका थिए ।[81]

## पीडति/प्रभावतिहरूको सहभागति प्रवर्द्धन

राम्रोसँग प्रयोग गरएिमा, पीडति/प्रभावतिहरूको सहभागति र सशक्तकिरण सुनश्चिति गर्न रणनीतकि कानूनी मुद्दाले एउटा औजारको काम गर्न सक्छ । धेरै अवस्थामा, पीडति/प्रभावति र नागरकि समाजका सहयोगीहरूले कलंक/हेयभाव र पुनर्आघातलाई जतिेर "सामाजकि र राज्यका अभ्यासका साथै अन्तर्राष्ट्रयि मान्यताहरूमा परवर्तिन ल्याउने वाहक बनेका छन् ।"[82] प्रभावकारी परपूरिणलाई यथार्थमा परणित गर्न कार्यान्वयन प्रक्रयिामा पीडति/प्रभावतिहरूको सुरक्षति र पूर्ण सहभागति सुनश्चिति गर्न महत्त्वपूर्ण हुन्छ । कार्यान्वयन चरणमा साथै कानूनी प्रक्रयिाहरूमा द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूको सहभागतिाले "कानूनका पात्र" को रूपमा उनीहरूको स्थतिलिाई बलयिो बनाउँछ ।[83]

77 IACtHR, मेजयिा इद्रोवो वि. इक्वेडोर . Preliminary Objections, Merits, Reparations, and Costs. ५ जुलाई २०११ को फैसला . शृंखला सी नं. २२८; ECtHR, ग्रव्रिनेअच वि. मोल्दोवा (चौथो खण्ड), नं. ३५९९४/०३ (९ अक्टोबर २००७); अफ्रकिन कोर्ट अफ ह्युमन एंड पपिल्स राइट्स, अन्तोवान बसि्संगोउ वि. गणतान्त्रकि कोंगो (निर्णय), नं. २५३/२००२ (नोवेम्बर २००६), मानवअधकिार समति, एइयुजनि चकुपेवा वि. लोकतान्त्रकि गणतन्त्र कोंगो (निर्णय), नं. २८३५/२०१६ (डसिम्बर २०२१) (HRC Chakupewa/Congo 2021 Decision); यातना वरिुद्धको समति (CAT) A/BiH २०१९को निर्णय.

78 मानवअधकिार समति, चकुपेवा/कोंगो २०२१ निर्णय.

79 यातना वरिुद्धको समति (CAT) A/BiH २०१९ निर्णय

80 संयुक्त राष्ट्रसंघीय मानवअधकिार परषिद, '<u>Matrix of Recommendations. Universal Periodic Review Third Cycle – Chad</u>' (२०१८)

81 संयुक्त राष्ट्रसंघका महासचविको २०२३ को द्वन्द्वसँग सम्बन्धति यौन हिंसाबारे प्रतवेदिन, UN Doc S/2023/413, अनुच्छेद ३०

82 मोफेट (Moffet), Reparation and War, नोट १३२ मा उद्धरण गरएिको : जे मेंदेज़ (J Mendez), 'Victims as Protagonists in Transitional Justice' (२०१६) १० (१) International Journal of Transitional Justice 1

83 साकोउतो, फोर्ड ओउबा, मार्टनि (SáCouto, Ford Ouoba and Martin) अनुच्छेद ५८

युगान्डामा नागरिक समाजले सशस्त्र द्वन्द्वका पीडितिहरूलाई उनीहरूको अधिकार र त्यस्ता अधिकारहरूमा पहुँचका लागि उपलब्ध अवसरहरूको बारेमा जानकारी फैलाएर उनीहरूको सशक्तिकरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ। नागरिक समाजका संस्थाहरूले पीडित/प्रभावितिहरूलाई बहस गर्न र आफ्ना अनुभवहरू आदानप्रदान गर्न सुरक्षित स्थान उपलब्ध गराएको छ, जसले पीडासमन र सामूहिक सशक्तिकरण दुवैलाई सहजीकरण गर्ने गरेको छ।[84] भ्रष्टाचार लगायतका उल्लेख्य बाधाहरूको बावजुद, यसप्रकारको परिचालनले केही पीडित/प्रभावितिहहरूलाई न्यायमा पहुँच र समाधान प्राप्त गर्न सक्षम बनाएको छ।[85]

कोलम्बियामा, सशस्त्र द्वन्द्वका क्रममा आफ्ना सन्तान सामान्यतया "फल्सोस पोजटिभिस" भनिने गैरन्यायिक मृत्युदण्डको सिकार भएपछि "लास माड्रेस डे सोचा" भनिने एउटा समूहको उदय भयो। यी महिलाहरूले न्यायको खोजीमा, आफ्ना आफन्तहरूको सम्मानमा र गम्भीर मानवअधिकार उल्लङ्घनको भर्त्सनामा सामाजिक प्रदर्शन र कलात्मक प्रदर्शन जस्ता रचनात्मक अभिव्यक्तिका विभिन्न रूपहरू प्रयोग गर्ने गरेका छन्।[86] परिचालन र रणनीतिक कानूनी मुद्दा मार्फत् उनीहरूले मानवता विरुद्धको अपराध र संलग्न राष्ट्रिय सेनाका सदस्यहरू विरुद्ध दण्डसजाय घोषणा लगायतका कोशेढुंगा प्राप्त गर्ने सफल भएका छन्।[87] पत्रकार जनिथ बेदोयाले अन्तर-अमेरिकी प्रणाली समक्ष आफ्नो मुद्दा मार्फत कोलम्बियामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितका अभियिन्ता बनेर आयोग र अदालतका सार्वजनिक सुनुवाइहरूमा भाग लिइन्। उनले IACtHR समक्ष परिपूरण सम्बन्धी बयानहरू पनि दिइन् र अनुसन्धान तथा अभियोजनको महत्त्वमा जोड दिँदै सन्तुष्टि र पुनः नदोहोरिने अन्य उपायहरू अपनाएर पीडित/प्रभावितिहरूको मौखिक तर्कहरूलाई बुलन्द गरिन्।[88] कोलम्बियाको विदेश मामिला मन्त्रालयद्वारा गठित समितिहरू समक्ष फैसला कार्यान्वयनमा उनी सहभागी भएकी छिन्।[89]

ग्वाटेमालामा, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र अन्य मानवअधिकार उल्लङ्घनका पीडित/प्रभावित आदिवासी समुदायका सदस्यहरू मिलिर सेपुर जार्कोमा गरेको "अबुएलास" आन्दोलनले यौन हिंसाको बारेमा मौनता तोड्यो। नारीवादी र मानवअधिकार संस्थाहरूद्वारा समर्थित ती पीडित/प्रभावितिले आफूहरू विरुद्धको कलंक र हेयभावलाई चुनौती दिन र पीडकहरूको जवाफदेहिता बारे सचेतना जगाउनको लागि, सार्वजनिक रूपमा नमूना सुनुवाई "ट्रिब्युनल डे कन्सन्सियिा"को आयोजना गरे।[90] उनीहरूको प्रयासले आदिवासी पीडित/प्रभावितिको एउटा उत्थानशील समुदाय बन्यो, जसले न्याय खोज्न अरूलाई पनि प्रेरित गर्‍यो। यस पछि, अबुएलास र नागरिक समाजका संस्थाहरूले फौजदारी अदालती कारवाही मार्फत न्याय दावी गर्ने निर्णय गर्‍यो, जसको परिणामस्वरूप पूर्व सैन्य अधिकारीहरूलाई यौन दासत्व र यौन हिंसाका रूपमा युद्ध अपराध गरेको दोषी पाइयो भने,[91] पीडित/प्रभावितिहरूका लागि रुपान्तरणकारी परिपूरण उपायहरूको आदेश दिइयो, जसको प्रभावकारी वितरण प्रवर्द्धन गर्नमा अबुएलासले नेतृत्वदायी भूमिका खेल्यो।[92]

बोस्निया र हर्जगोभिनामा, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितिलाई उनीहरूमाथि भएको यौन हिंसाका लागि परिपूरण प्राप्त गर्न रणनीतिक कानूनी मुद्दाका प्रक्रियाहरूले सक्षम बनायो। फौजदारी कार्यवाहीको क्रममा आफ्नो सहभागिता सकारात्मक रहेको कुरा पीडित/प्रभावितिहरूले बताएका थिए। उनीहरूले आफूलाई त्यस प्रक्रियाको केन्द्रमा रहेको पाए र आफ्नो सहभागिताले पुनर्स्थापनाका उपायहरू लगायतका परिपूरण कार्यान्वयन गर्न राज्यका निकायहरूलाई दबाब दिएको उल्लेख गरे।[93]

## कार्यान्वयन अनुगमनमा सहभागिता

अपनाइएका निर्णयहरूको कार्यान्वयनको अनुगमन गर्नका लागि प्रत्येक मानवअधिकार संयन्त्रको आ-आफ्नै अनुगमन कार्यविधि हुन्छ। यी प्रक्रियाहरूको प्रभावकारिता सामान्यतया नागरिक समाजका संस्थाहरूको सक्रिय संलग्नतासँग जोडिएको हुन्छ।[94] कार्यान्वयन प्रक्रियाको क्रममा

84 मोफेट र ऊला (Moffet and Oola), Cul Pi Bal, अनुच्छेद २८.

85 युगान्डा सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ५५.

86 Centro Nacional de Memoria Historica, 'Así Recordaron en Ocana las Madres de Soacha', १५ जनवरी २०२२.

87 Colectivo de Abogados José Alvear Restrepo, 'Ejemplar condena ratifica que jóvenes de Soacha asesinados no eran delincuentes ni combatientes', ४ अप्रिल २०१७

88 IACtHR, 'Audiencia Pública. Caso Bedoya Lima y otra Vs. Colombia. Parte 3' (YouTube भिडियो, २३ मार्च २०२१).

89 कन्सलिरिया (Cancillería), 'El Estado Colombiano Avanza en el Cumplimiento de la Sentencia Proferida por la Corte Interamericana de los Derechos Humanos en el Caso 'Bedoya Lima y Otra vs. Colombia'', ८ मे २०२२.

90 साकोउतो, फोर्ड ओउबा, मार्टिन (SáCouto, Ford Ouoba and Martin), अनुच्छेद १६.

91 Mujeres Transformando el Mundo, 'Sentencia por el Caso Sepur Zarco queda en Firme', 18 November 2018.

92 साकोउतो, फोर्ड ओउबा, मार्टिन (SáCouto, Ford Ouoba and Martin), अनुच्छेद १११

93 बोस्निया-हर्जगोभिना सम्बन्धी जीएसएफको अध्ययन, अनुच्छेद ६३.

94 A Küçüksu, 'Enforcing Rights Beyond Litigation: Mapping NGO Strategies in Monitoring ECtHR Judgement Implementation' (२०२२) २२(२) मानवअधिकार कानून, २.

राज्यले उपलब्ध गराएको जानकारी भन्दा नागरिक समाजका संस्थाहरूले फरक जानकारी दिन सक्छन् र उनीहरूले मानवअधिकार संयन्त्रलाई निर्णयको कार्यान्वयनमा भएको प्रगति, राज्य द्वारा अपनाइएको उपायहरूको प्रभावकारिता, पीडितहरूको आवश्यकता र उनीहरूले सामना गरेका अवरोधहरू बारे व्याख्या गर्न सक्छन् ।

अनुगमन प्रक्रियाहरूमा सक्रिय र निरन्तरको सहभागिताले दबाब सिर्जना गर्न सक्छ, जसकारण मानवअधिकार संयन्त्रहरूद्वारा प्रस्तावनाहरू अवलम्बन गरिन सक्छन् र निर्णयहरू कार्यान्वयनका लागि थप कदम चाल्न राज्यलाई प्रोत्साहित गर्दछ । आदिवासी जनजातिको अधिकारसम्बन्धी एन्डोरोइसको मुद्दामा  गरिएको निर्णय कार्यान्वयनका लागि केन्याले प्रभावकारी कदम चाल्न अनुरोध गर्ने प्रस्तावनाहरू प्रकाशित गर्न, आवेदकहरूको दबाबले ACommHPR लाई प्रेरित गरेको थियो ।[95] *मगिल कास्त्रो कास्त्रो वि. पेरु*को मुद्दामा, कानूनी प्रतिनिधिहरूले आवेदकहरूको गम्भीर स्वास्थ्य अवस्थाको कागजात सहितको प्रतिवेदन पेश गरेपछि IACtHR ले छजना पीडितको स्वास्थोपचारसम्बन्धी पुनर्स्थापनाका लागि "प्रबलित सुपरिवेक्षण"को प्रक्रिया अपनाएको थियो ।[96]

मेक्सिकन सैनिकहरूले आदिवासी महिला विरुद्ध गरेको यौन हिंसासँग सम्बन्धित *रोसेन्डो क्यान्टु वि. मेक्सिको*को मुद्दामा, अदालतले निर्णयको पालनाको अनुगमन गर्ने चारवटा आदेशहरू प्रकाशित गरेको थियो । यस प्रक्रियाले राज्यद्वारा दिइने सूचनाको प्रतिवेदनमा र सैन्य अदालतहरू सुधार गर्न राज्यद्वारा गरिएका कानूनी प्रस्तावहरूको मूल्याङ्कनमा पीडित/प्रभावितहरूको प्रत्यक्ष सहभागिता सम्भव भएको छ ।[97]

| ***रोसेन्डो क्यान्टु वि. मेक्सिको*, IACtHR**[98] | | | |
|---|---|---|---|
| **परिवेश** | संगठित अपराध दबाउने लक्ष्यका साथ मेक्सिकोको गुएरेरो राज्यमा सैन्यकरण (सन् १९९७ देखि यो लेखदिसम्म जारी) ।<br>सशस्त्र बलहरूले आदिबासी समुदायका अधिकार उल्लङ्घन गरे । त्यहाँका आदिवासी महिलाहरू सबैभन्दा प्रभावित मध्येमा पर्छन् । | | |
| **तथ्यहरू** | भ्यालेन्टिना रोजेन्डो कान्टु नामक एकजना आदिवासी किशोरी आफ्नो घर नजिकै घरायसी काममा व्यस्त रहेको समयमा आठजना सैनिकहरू आए । ती सिपाहीहरूले एउटा आपराधिक समूहको बारेमा जानकारी खोज्दै उनलाई सोधपुछ गरे । उनीहरूले उनलाई बन्दुक देखाएर धम्की दिए । ती सैनिकले उनलाई हतियारले आक्रमण गरे र उनीमाथि बलात्कार सहित यौन हिंसा गरे । घटनाबारे सम्बन्धित निकायमा उजुरी गरेको भएपनि, उनको मुद्दाको उचित छानबिन हुन सकेको छैन । | | |
| **उजुरी दिएको मिति** | १० नोवेम्बर २००३ | **फैसला भएको मिति** | ३१ अगष्ट २०१० |
| **IACtHR को निर्णय** | IACtHR ले :<br>- यातनाका रूपमा यौन हिंसा, व्यक्तिगत अखण्डता र न्यायमा पहुँचको अधिकार हनन, बालबालिकाको रूपमा संरक्षण र भेदभाव विरुद्धको संरक्षणको लागि राज्यलाई जिम्मेवार ठहर गर्‍यो ।<br>- पीडितहरूको असुरक्षाको स्थिति र तथ्यहरू स्थापित गर्दाका अन्तर्निहित चुनौतिहरूलाई ध्यानमा राख्दै यौन हिंसाका घटनाहरूको अनुसन्धानमा उच्च लगनशीलताको आवश्यकतामा जोड दियो ।<br>- पहिलो भाषा स्पेनिश नभएको आदिवासी महिलाले न्यायमा प्रभावकारी पहुँच पाउन सक्ने सुनिश्चित गर्न उनको विशेष आवश्यकतालाई ध्यानमा राख्नुपर्ने दृष्टिकोण अपनाउन आवश्यक पर्ने कुरालाई प्रकाश पार्‍यो ।<br>- भ्यालेन्टिना नाबालिग भएकोले राज्यको थप जिम्मेवारी हुने ठहर गरियो । | | |

95 आर मुरे र डी. लोंग (R Murray and D Long), 'Monitoring the Implementation of its Own Decisions: What Role for the African Commission on Human and People's Rights?' (२०२१) २१ अफ्रिकन ह्युमन राइट्स ल जर्नल (African Human Rights Law Journal) अनुच्छेद ८३६, ८४६.

96 IACtHR, मगिल कास्ट्रो कास्ट्रो कारागार वि. पेरु. अल्पकालीन उपायहरूका लागि र फैसला अनुसारको अनुपालनको अनुगमनका लागि अनुरोध. २९ जुलाई २०२० को फैसला. अनुच्छेद ४०.

97 IACtHR, रोसेंदो कान्टू र अन्य वि. मेक्सिको. फैसला अनुसारको अनुपालनको अनुगमन. १२ मार्च २०२० को आदेश; रादलिला पाचेको, फेर्नान्देज़ ओर्टेगा र अन्य, र रोसेंदो कान्टू र अन्य वि. मेक्सिको. फैसला अनुसारको अनुपालनको अनुगमन. १७ अप्रिल २०१५ को आदेश; फेर्नान्देज़ ओर्टेगा र अन्य, र रोसेंदो कान्टू र अन्य वि. मेक्सिको. फैसला अनुसारको अनुपालनको अनुगमन. २१ नोवेम्बर २०१४ र २५ नोवेम्बर २०१० का आदेशहरू.

98 IACtHR, 'रोसेंदो कान्तु र अन्य वि. मेक्सिको. Preliminary Objection, Merits, Reparations, and Costs. ३१ अगस्त २०१० को फैसला. शृंखला सी नं २१६; संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद, विश्वव्यापी आवधिक समीक्षाको पैंतालीसौं सत्रका लागि कार्यदल: मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले तयार पारेको जानकारीहरूको संग्रह ('Working Group on the Universal Periodic Review Forty-fifth Session: Compilation of information prepared by the Office of the United Nations High Commissioner for Human Rights') (२०२३) UN Doc A/HRC/WG.6/45/MEX/2, अनुच्छेद १४; त्लाचिनोल्लन (Tlachinollan), 'Valentina: 21 años de lucha para que a cuenta gotas las mujeres indigenas accedan a la salud' (3 October 2023)

| | |
|---|---|
| **परिपूरण** | वैयक्तिगत : नियमित फौजदारी कार्यवाही मार्फत् प्रभावकारी तथा द्रुत अनुसन्धान, अभियोजन र सजाय, कानूनी सुधार, भ्यालेन्टिना र उनको छोरीका लागि छात्रवृत्ति, क्षतिपूर्ति।<br>समग्र : यौन हिंसाका मुद्दामा सम्बन्धित निकायले अपनाउनु पर्ने कार्यविधि, मेक्सिकन् सेनाका लागि मानवअधिकारको तालिम, यौन हिंसाका पीडित/प्रभावितहरूका लागि सामान्य स्वास्थ्योपचार, आदिवासी महिलाहरू विरुद्ध विभेदमा प्रतिबन्ध बारे वृहत् सचेतना अभियान।<br>हालको अवस्था : केही परिपूरण प्रवाह भएको छ : पीडित/प्रभावितहरूको सहभागितामा सार्वजनिक रूपमा माफी मागिएको, सैन्य कार्यविधिमा सुधार, क्षतिपूर्तिको भुक्तानी, छात्रवृत्ति, आदि। |
| **बाधाहरू** | फौजदारी अभियोजनमा ढिलाई, सैन्य अदालत प्रणालीको उचित सुधार गर्न र स्वास्थ्य केन्द्रहरूका लागि पर्याप्त बजेट विनियोजन गर्न राजनीतिक इच्छाशक्तिको अभाव। |
| **के कुराले राम्रो काम गरेको छ** | - कार्यान्वयन प्रक्रियाका अवधिमा पीडितका प्रतिनिधिले पटकपटक IACtHR समक्ष जानकारी गराएको, जसकारण परिपालना सम्बन्धी धेरैवटा प्रस्तावना सम्भव भए।<br>- भ्यालेन्टिना र द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूले सार्वजनिक सुनुवाईका क्रममा कार्यान्वयन बारे जानकारी दिए।<br>- कार्यान्वयनका बारेमा राज्य र कानूनी प्रतिनिधिहरू बीच बैठकहरू भए। |

अन्तर-अमेरिकी र अपवादका रूपमा, अफ्रिकी प्रणालीहरूका अनुगमन संयन्त्रमा सार्वजनिक वा निजी सुनुवाई पनि सिमेटिन सक्नेछ।[99] यसले पीडित/प्रभावितका प्रत्यक्ष सहभागिताको अवसर, राज्यका महत्वपूर्ण पात्रहरूको संलग्नता, सान्दर्भिक सूचनाको उपलब्धता तथा घोषणा, राज्यले आफ्ना प्रतिबद्धताबाट पछि हट्न नसक्ने जस्ता धेरै फाइदाहरू सम्भव बनाउँछ।[100]

## पैरवी अभियान र कार्यदलहरूमा सहभागिता

परिपूरणका उपायहरूको प्रभावकारी कार्यान्वयनका लागि, विशेषगरी राज्यका निकायहरू जस्ता प्रमुख सरोकारवालाहरूसँग प्रत्यक्ष एवं निरन्तर सञ्चारमा रहनु अपरिहार्य हुन्छ। राजनीतिक इच्छाशक्तिको अभाव वा निर्णयहरू लागू गर्ने बाटाहरू अस्पष्ट रहेको अवस्थामा भने सम्बादलाई निरन्तरता दिन चुनौतीपूर्ण हुन्छ।[101]

| ***सीओभएिडब्लू, आइएमएलयु र अन्य वि. केन्याका न्यायाधिवक्ता,* केन्याको उच्च अदालत, संबैधानिक तथा मानवअधिकार विभाग**[102] | | | |
|---|---|---|---|
| **परिवेश** | ९०को दशकदेखि, केन्याको निर्वाचनमा राजनीतिक अस्तव्यस्तता र महिला, बालबालिका र पुरुषहरू विरुद्ध व्यापक एवं प्रणालीगत यौन हिंसा लगायतका हिंसा र अस्थिरिता हुने गर्छन्।<br>सन् २००७-२००८ को निर्वाचन : करिब ९०० जना व्यक्ति यौन हिंसा पीडितका रूपमा पहिचान भएका थिए। पीडकहरू मध्ये राज्य र गैर-राज्य दुवै पक्षका थिए। | | |
| **तथ्यहरू** | छ जना महिला र दुई जना पुरुषले सन् २००७-२००८ को निर्वाचनको अवधि र निर्वाचन-पश्चातको अवधिमा आफूले भोग्नुपरेको यौन हिंसाका सम्बन्धमा केन्याको उच्च अदालतको संबैधानिक विभागमा उजुरी दर्ता गरे। | | |
| **उजुरी दिएको मिति** | २० फेब्रुअरी २०१३ | **फैसला भएको मिति** | १० डिसेम्बर २०२० |

99 अफ्रिकी आयोगको प्रणालीमा सार्वजनिक सुनुवाई एकदम विरलै मात्र प्रयोग हुन्छ.

100 सी संदोवल (C Sandoval), 'The Power of Hearings: Unleashing Compliance with Judgments at the Inter-American Court of Human Rights', ओपन सोसाइटी जस्टिस इनिसिएटिव (Open Society Justice Initiative (OSJI)) मा (ed.), Implementing Human Rights Decisions: Reflections, Successes, and New Directions, (२०२१) १३ (OSJI, Implementing Decisions).

101 ऐ.

102 रिड्रेस (REDRESS), 'COVAW, IMLU et al. v Attorney-General of Kenya et al'; जीएसएफ, ग्रेस एजेण्डा, नागरिक समाजका संस्थाहरूको संजाल (GSF, Grace Agenda, Civil Society Organisation Network), Kenya Study on Opportunities for Reparations for Survivors of Conflict-Related Sexual Violence, मे २०२३.

| | |
|---|---|
| **राष्ट्रयि नर्िणय** | उच्च अदालतले तलका कुराहरू ठहर गर्‍यो :<br>- नर्िवाचन र नर्िवाचन-पश्चातको अवधमिा हुने यौन हसिालाई यातना मानन्छि ।<br>- पीडति/प्रभावतिलाई संरक्षण प्रदान गर्नु केन्याको दायत्वि थयिो ।<br>- सार्वजनकि पदमा रहेका व्यक्तहिरूबाट यौन हसिाको शकिार भएका तीन नविेदकहरूको मानवअधकिार हननको जम्मिेवारी राज्य हो ।<br>- नजिी पात्रहरूबाट यौन हसिाको शकिार भएका तर सरकारी नकिायमा उजुरी नदनि चार नविेदकहरूको मानवअधकिार उल्लङ्घनका लागि राज्य जम्मिेवार छैन ।<br>- गैर-राज्य पात्रद्वारा यौन हसिा  भएको उजुरी गर्ने एक पीडतिको मानव अधकिार पनि राज्यले उल्लङ्घन गरेको छ । |
| **परपूिरण** | उच्च अदालतले गरेको फैसला :<br>- उल्लङ्घन भएको पाइएका चार नविेदकका लागि क्षतपिूर्ति<br>- अन्य नविेदकले कुनै क्षतपिूर्ति नपाउने |
| **बाधाहरू** | कार्यान्वयनका लागि लामो प्रक्रयिा  र त्यससँग सम्बन्धति कानूनी खर्चहरू<br>द्वन्द्वसँग सम्बन्धति यौन हसिाका मुद्दामा कानूनी उपचार दनि राजनीतकि इच्छाशक्तकिो अभाव<br>द्वन्द्वसँग सम्बन्धति यौन हसिा पीडति/प्रभावतिको परपूिरणका लागि बजेट बनियिोजन अपर्याप्त |
| **आगामी कदमहरू** | नागरकि समाजको समन्वय र परचिालन<br>अदालतबाट खर्चको प्रमाणीकरण बुझाउने लगायतका कार्यमार्फत् कार्यान्वयन शुरु गराउन पीडति/प्रभावतिले चालेका घरेलु कानूनी कदमहरू, न्यायाधवक्तिालाई पेश गरेको, परमादेशको रटि<br>घरेलु, क्षेत्रीय तथा अन्तराष्ट्रयि पैरवी संचालन भैरहेको<br>अस्वीकृत नविेदनका सम्बन्धमा घरेलु अपील वचिाराधीन रहेको |

तसर्थ पैरवीको एक वस्तितृ रणनीति हुनु महत्त्वपूर्ण हुन्छ, जसले सम्बन्धति नकिायहरूलाई संलग्न र संवेदनशील बनाउने अवसर प्रदान गरेर राष्ट्रयि तथा अन्तर्राष्ट्रयि दुवैथरकिा नर्िणयहरूको कार्यान्वयनलाई बढावा दन्छि । सक्रयिता र सञ्चार अभयिानहरूसँगै पैरवीका गतविधिहिरूले पीडति/प्रभावतिहरूको उत्थानशीलता र आत्मबललाई बलयिो बनाउन पनि योगदान गर्न सक्छ । परचिालनका यी स्वरूपहरूले पीडति/प्रभावतिलाई उनीहरूको अधकिारको बारेमा जानकारी गराउन, सचेतना जगाउन र परपूिरणको लागि समर्थन जुटाउन सक्षम बनाउँछ ।[103] मुख्य सन्देशहरू पहचिान गर्न र सहयोगी वा वरिोधी जेजस्तो भएपनि मुख्य सरोकारवालाहरू को हुन् भन्ने थाहा पाउन पनि पैरवीका अभयिानहरूका लागि वस्तितृ रणनीति आवश्यक हुन्छ ।[104]

ऐतहिासकि रूपमा नै नागरकि समाजका संस्था र पीडति/प्रभावतिका समूहहरूले धेरैवटा सशस्त्र द्वन्द्वको समयमा वा पछकिो परपूिरणमा आफ्नो पैरवी मार्फत महत्त्वपूर्ण भूमकिा खेलेका छन् । परपूिरणका कार्यक्रमहरू स्थापना गर्न,[105] वशिेष प्रकारका क्षतहिरूलाई पहचिान गराउन,[106] र परपूिरणका लागि आर्थकि स्रोत परचिालन गर्न[107] लगायतका कार्यमा उनीहरूको प्रयासले महत्वपूर्ण भूमकिा खेलेको छ ।

परपूिरणमा सफल पैरवीको उदाहरणको रूपमा सेपुर जार्कोको मुद्दा रहेको छ । कारवाहीको प्रारम्भदेखि नै, संस्था र पीडति/प्रभावतिहरूले तयार पारेका सन्देशहरूले कलंक र हेयभावलाई सम्बोधन गर्न, न्यायमा पहुँचका चुनौतीहरूलाई प्रकाशमा ल्याउन र दण्डहीनताका कारण हुने मानवअधकिार उल्लङ्घनको नरिन्तरतालाई उजागर गर्न महत्त्वपूर्ण भूमकिा खेलेको थयिो । पैरवीका रणनीति र मडियिा अभयिानको प्रभावले नोबेल शान्ति पुरस्कार वजिेता जोडी वलियिम्स, र रगिोबर्टा मेन्चु, संयुक्त राष्ट्रसंघका अधकिारीहरू र कूटनीतज्ञिहरू जस्ता प्रभावशाली व्यक्तत्विहरूबाट समर्थन प्राप्त गरेको थयिो ।[108]

103 एल मोफेट (L Moffet), 'Handbook on Civil Society Organisations and Donors Engagement on Reparations' (२०२२) १९ (मोफेट, ह्यान्डबुक).
104 रड्रिेस (REDRESS), Practice Note 4: Implementation of Decisions, May 2021.
105 मोफेट र ऊला (Moffet and Oola), Cul Pi bal, अनुच्छेद २२.
106 मोफेट (Moffet), Reparations and War, अनुच्छेद २४७.
107 डी मर्तनिज़ र एल गोमेज (D Martinez and L Gomez), 'A Promise to Be Fulfilled: Reparations for Victims of the Armed Conflict in Guatemala' (२०१९), अनुच्छेद २३.
108 साकोउतो, फोर्ड औओबा र मार्टनि (SáCouto, Ford Ouoba and Martin), अनुच्छेद ५५,५६.

ग्वाटेमालामा फौजदारी अदालतका निर्णयहरू कार्यान्वयन गर्न स्पष्ट संयन्त्रको अभावलाई ध्यानमा राख्दै, सेपुर जार्कोको मुद्दामा संस्थाहरूले निर्णय कार्यान्वयन गर्न जिम्मेवार सबै सार्वजनिक संस्थाहरूलाई समावेश गरी सामाजिकिकरण रणनीतिका लागि पैरवी गरे। उनीहरूले परिपूरणका उपायहरूको कार्यान्वयनको लागि सार्वजनिक संस्थाहरूसँग अर्को चरणहरू बारे छलफल गर्न स्थानहरू तय गरे। यसरी निर्णयको कार्यान्वयनको लागि एक अन्तर-संस्थागत संयन्त्र बनाइयो।[109] यो संयन्त्रले अझै पनि काम गरिरहेको छ र निर्णय पालनाको अनुगमन गर्न यसले पीडित/प्रभावित, नागरिक समाजका संस्था र सार्वजनिक संस्थाहरूका लागि एक माध्यमको काम गरेको छ। यसले प्रमुख निकायहरूसँग पीडित/प्रभावितको प्रत्यक्ष संलग्नता र पैरवीलाई पनि सम्भव बनाउँछ।

"प्राविधिक कार्यदलहरू" पनि गठन गरिएको थियो, जसमध्ये प्रत्येकले शिक्षा, स्वास्थ्य, भूमि, र पीडित/प्रभावित लगायतका परिपूरणका उपायहरूले समेटेका विशिष्ट विषयहरूमा समर्पित भएर काम गरेका थिए। यी कार्यदलहरूले विभिन्न संस्था र नागरिक पक्षका प्रतिनिधिहिरूलाई एकै ठाउँमा ल्याएर कार्यान्वयनको निरीक्षण गर्ने मंचको रूपमा काम गर्छन्। अर्को परिणाम भनेको स्थानीय तहमा निर्णयको कार्यान्वयनलाई प्रवर्द्धन गर्न विभागीय कार्यदलहरूको गठन हुनु थियो, जसमा पीडित/प्रभावितका क्षेत्रहरूमा कार्यरत स्थानीय अधिकारीहरूलाई प्रत्यक्ष रूपमा संलग्न गराइयो।[110]

सेपुर जार्कोको मुद्दामा, विभिन्न संगठन र पीडित/प्रभावितका प्रतिनिधिहरू राष्ट्रिय संस्थाहरूसँग प्रत्यक्ष रूपमा संलग्न छन्। यस अन्तर्गत परिपूरणका बाँकी उपायहरू कार्यान्वयनको अनुगमन बारे उक्त गणतन्त्रका उप-राष्ट्रपतिसँग गरिएका वार्ताहरू समेत पर्छन्।[111]

| ***सेपुर जार्को वि. ग्वाटेमाला,* ग्वाटेमालाको फौजदारी न्यायाधिकरण[112]** | | | |
|---|---|---|---|
| **परिवेश** | ग्वाटेमालाको क्रान्तिकारी आन्दोलन र सरकार तथा संसदीय समूह बीच सन् १९६०-१९९६ सम्म भएको सशस्त्र द्वन्द्वका कारण अरबि २ लाख जनाले ज्यान गुमाए र बेपत्ता पारिए। संरचनागत अन्याय, राजनीतिक स्थान नपाउनु, र नश्लवाद जस्ता कुराका कारण द्वन्द्व भएको।<br>विशेषगरी आदिवासी समुदाय लगायतका महिलाहरू विरुद्ध प्रणालीगत रूपमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा भएको। | | |
| **तथ्यहरू** | सन् १९८२ मा, ग्वाटेमाला सेनाले सेपुर जार्कोको आदिवासी समुदायहरूमा र मुख्यतया माया क्युक्ची' मानिसहरूले बसोबास गर्ने स्थानहरूमा आक्रमण सुरु गर्‍यो। आफ्नो पैतृक भूमि अधिकारको वकालत गर्ने पुरुषहरूलाई विध्वंसक समूहहरूलाई समर्थन गरेको आरोपमा हिरासतमा लिइयो। त्यसपछि, सैनिकहरूले लगभग सबै पुरुषहरूलाई हिरासतमा लिएर उनीहरूलाई यातना, हत्या र जबरजस्ती बेपत्ता पारे। सिपाहीहरूले महिलाहरूलाई बारम्बार यौन हिंसाको सिकार बनाए। महिलाहरूलाई जबरजस्ती सैन्य अड्डाहरूमा लगियो, जहाँ उनीहरूले प्रायः आफ्ना बच्चाहरूको अगाडि वा सार्वजनिक रूपमा यौन हिंसा र जबरजस्ती घरेलु श्रम सहनुपर्‍थ्यो। सन् २०११ मा, नागरिक समाजका संस्थाहरूको सहयोगमा पीडित/प्रभावितहरूले मानवता विरुद्धको अपराध र युद्ध अपराधको आरोप लगाउँदै फौजदारी उजुरी दर्ता गरे। | | |
| **उजुरी दिएको मिति** | ३० सेप्टेम्बर २०११ | **फैसला भएको मिति** | २८ नोवेम्बर २०१८ |
| **राष्ट्रिय निर्णय** | ग्वाटेमालाको न्यायाधिकरणले :<br>- दुईजना पूर्व सैन्य अधिकारी यौन हिंसा, यौन दासता, घरेलु दासता, जीवनबाट बन्चिति र जबरजस्ती बेपत्ता लगायतका मानवता विरुद्धका अपराधमा दोषी रहेको पायो।<br>- कानूनी उपचारको रुपान्तरणकारी स्वरूपहरूको आवश्यकता रहेको।<br>- परिपूरणका प्रायजसो आदेशहरू राज्यतर्फ निर्देशित गर्‍यो। | | |

109 ऐ, अनुच्छेद ११०.

110 ऐ.

111 Mujeres Transformando el Mundo, 'Abuelas de Sepur Zarco Establecen Dialogo con la Vicepresidencia para dar Seguimiento a Reparación' (५ मार्च २०२१).

112 एतिहासिक स्पष्टीकरणका लागि आयोग (Commission for Historical Clarification), 'Guatemala Memory of Silence' (१९९९) १९; साकोउतो, फोर्ड औओबा र मार्टिन (SáCouto, Ford Ouoba and Martin); Tribunal Primero de Sentencia Penal, 'Narcoactividad y Delitos Contra el Ambiente de Guatemala' (Sentencia), C-01076-2012-00021 (२६ फेब्रुअरी २०१६).

| | |
|---|---|
| **परपूिरण** | वृयक्तिगत : क्षतपूिर्ति, पीडकहरूको अनुसन्धान तथा अभियोजन, हराएका वृयक्तिहरूको खोजी ।<br><br>समगृर : स्वास्थ्य केन्द्रको निर्माण, शिक्षा केन्द्रहरूको सुधार, किशोरी तथा महिलाहरूका लागि दुईवटा भाषामा पढाइने शैक्षिक संस्था, महिलाहरूका लागि सांस्कृतिक गतिविधि, पैतृक भुममिा खेतीपाती, विद्यालयका पाठ्यक्रममा महिलाका कथा, अभलिखीकरण, द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिप्रति समर्पति सम्मान दविस, स्मारकहरू, सुरक्षा बलहरूका लागि तालमि, निर्णयहरूलाई आदविासी भाषामा अनुवाद, आदि। |
| **बाधाहरू** | राज्यले गरेका मानवअधकिार उल्लङ्घन सम्बन्धी परपूिरण लागू गर्न पर्याप्त कानूनी संयन्त्रको अभाव । राज्यका निकायहरूमा राजनीतकि इच्छाशक्तिको अभाव, साथै न्यायाधकिरणद्वारा आदेश दिइएको परपूिरणको विरोध गर्ने केही सैन्य समूहबाट आएको दबाबका कारण अवस्था जटलि । |
| **के कुराले राम्रो काम गरेको छ** | - पीडति/प्रभावति केन्द्रति र उनीहरूकै नेतृत्वमा भएका अदालती प्रक्रयिा ।<br>- सामाजकि आन्दोलन र अबुएलासको सशक्तिकरण ।<br>- रुपान्तरणकारी सचेतना र सामाजिककिरण ।<br>- अन्तर्राष्ट्रयि सरोकारवालाहरूसँगको संलग्नता ।<br>- नागरकि समाज, कानूनी प्रतनिधिहिरू, पीडति/प्रभावति र राष्ट्रयि निकायहरूसंग गोलमेच र समूह निर्माण ।<br>- अनुगमनको तदर्थ संयन्त्र कार्यान्वयनको सिर्जना ।<br>- प्रक्रयिाको अभलिखीकरण र मिडयिा रणनीति। |

*जनता वि. आइभोरी कोस्ट*को मुद्दामा ACommHPR द्वारा गरिएको निर्णयको कार्यान्वयन सफल पैरवी अभयिानको अर्को उदाहरण हो । यो मुद्दा राज्यविहीनता सम्बन्धी भेदभावपूर्ण कानून र आइभरी कोस्टमा आप्रवासीहरूका वंशजहरू विरुद्ध अपनाइएका उपायहरू सम्बन्धी थियो । यो मुद्दा द्वन्द्वसँग सम्बन्धति यौन हिंसाबारे नभए पनि, यसको कार्यान्वयनले पैरवीका प्रभावकारी तरकिाहरूको राम्रो उदाहरण दिन्छ । विशेष गरी, यस्ता घटना नदोहोरनि उपायका लागि निवेदकहरू संगठति भएर आफ्नै नेतृत्वमा पैरवी गरेर उनीहरूले संवैधानकि संशोधन, दर्ता प्रणालीमा सुधार, न्यायमा पहुँचको सुनिश्चितिता र पीडति/प्रभावति समूहहरू विरुद्ध भेदभावलाई बढावा दिने अधकिारीहरू विरुद्ध सजाय लागू गर्ने लगायतका लागि पैरवी गरेका थिए ।[113]

ACommHPR निर्णयको कार्यान्वयनका लागि सार्वजनकि निकायहरू समक्ष पैरवी गर्ने उद्देश्यका साथ, आइभोरी कोस्टमा रहेको मानवअधकिारको लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयको सहयोगमा त्यहाँका नागरकि समाजका संस्थाहरूले एक गठबन्धन गरे । यो गठबन्धनले सरकारसँग प्रत्यक्ष संलग्नता र सम्बादलाई सहज बनायो । यस अवस्थामा, ACommHPR ले निर्णय लागू गर्नको लागि महत्त्वपूर्ण गति प्रदान गर्दै गोलमेच सम्मेलनहरू सिर्जना र समन्वय गर्‍यो । आवेदकहरू, नागरकि समाजका संस्था र सार्वजनकि संस्थाहरू सहति सबै सरोकारवालाहरू यस्ता घटना नदोहोरनि उपायहरू अवलम्बनका लागि सहयोगी रूपमा काम गर्न इमानदारीतापूर्ण सम्बादमा संलग्न छन् । पैरवीको सफलताका कारण यस प्रक्रयिामा संलग्नताका लागि राज्यको राजनीतकि इच्छाशक्ति बढाउन र कठिनाइहरू पार गर्न सहज भएको थियो । यसले अफ्रकिी बडापत्र अनुरूप हुनेगरी संवैधानकि संशोधन, नागरकिता र राज्यविहीनतासँग सम्बन्धति मानवअधकिार सन्धिहिरूको अनुमोदन र देशको अवस्थालाई सम्बोधन गर्न नीति तथा कानूनहरू अपनाउन सम्भव बनायो ।[114]

जनिथ बेदोयाको मुद्दाको कार्यान्वयनले कोलम्बयिाली सन्दर्भमा पैरवीको प्रभावकारति पनि देखाउँछ । कोलम्बयिाको कानूनले मानवअधकिार निकायका निर्णयहरूको कार्यान्वयनमा समन्वय गर्ने संयन्त्रको रूपरेखा बनाएको छ भने, प्रमुख संस्थाहरूसँग निरन्तर रणनीतकि सम्बाद कायम राख्नु महत्त्वपूर्ण छ । IACtHR को निर्णयमा जटलि उपायहरू समावेश छन्, जसका लागि उल्लेख्य बजेट र राजनीतकि इच्छाशक्ति चाहिन्छ । सञ्चार अभयिानको साथै, जनिथ बेदोया र उनको आन्दोलन "*नो एस होरा डे कलर (No es Hora de Callar)*" ले उनका कानूनी प्रतनिधिहिरूसँग मिलेर निर्णय अवलम्बन भएदेखि नै सरकारी मन्त्रालयहरू लगायतका राष्ट्रयि संस्थाहरूसँग सहकार्य गरेर रणनीतकि बैठकहरू गरेका छन् ।[115] यी पैरवीहरूको परणिामस्वरूप, कोलम्बयिाली सरकारले महिला पत्रकारहरूको सुरक्षाको लागि कोष सिर्जना गर्न कानूनको मस्यौदा प्रस्तुत गर्‍यो, क्षतपूिर्ति रकमहरू भुक्तान गर्‍यो, सार्वजनकि पदाधकिारीहरूलाई अभवि्यक्ति स्वितन्त्रता र यौन हिंसाको बारेमा प्रशिक्षिण सुरु गर्‍यो, र द्वन्द्वसँग सम्बन्धति यौन हिंसा पीडति/प्रभावतिहरूको सम्झनामा एउटा संग्रहालयको निर्माणका लागि तयारी गर्‍यो ।[116]

113 ए सेसी र ए दोंगो (A Sesay and A Dongo), 'Addressing Cote d'Ivoire's Statelessness Problem: Utilizing Multiple Tools to Support Implementation of Judgments', in OSJI, Implementing Decisions, अनुच्छेद २९-३५.

114 ऐ, ३४.

115 सेमाना (Semana), 'Cancilleria Refrendo Compomiso de Cumplimiento sobre la Condena por Caso Jineth Bedoya' (३ अगस्त २०२२); सीइजेआइएल (CEJIL), 'Tras seis meses de sentencia de la Corte IDH, en el caso de la periodista Jineth Bedoya, culmina primera ronda de trabajo con el Estado colombiano' (१८ अप्रलि २०२२).

116 एल तिएिम्पो (El Tiempo), 'Asi va el Cumplimiento de la Sentencia de la Corte IDH', (३ अगस्त २०२२)

राजनीतिक इच्छाशक्ति बढाउनको लागि, निर्णय कार्यान्वयनका लागि जिम्मेवार सरोकारवालाहरूलाई संवेदनशील बनाउनु महत्वपूर्ण हुन्छ। निर्णय कार्यान्वयनका लागि सम्बन्धित अधिकारीहरूसँग रचनात्मक वार्ताका अवसरहरू सिर्जना र अभिवृद्धि गर्नु पनि प्रभावकारी रणनीति भएको देखिन्छ। सेपुर जार्को र जनिथ बेदोयाका सफलताहरूले देखाए जस्तै, कार्यान्वयन प्रक्रियाको केन्द्रमा पीडित/प्रभावितहरूलाई राख्दै, यी सम्बादहरूलाई निरन्तरता दिनुपर्छ।

## मिडिया र सञ्चार रणनीतिहरूमा सहभागिता

द्वन्द्वसँग सम्बन्धित यौन हिंसासम्बन्धी निर्णयहरूको कार्यान्वयनलाई बढावा दिन मिडिया र सामाजिक सञ्जालहरू महत्त्वपूर्ण हुने गर्छन्।[117] निर्णयबारे सामान्य सचेतना बढाएर पनि परिपूरणका लागि जिम्मेवार निकायहरूलाई दबाब दिन र संवेदनशील बनाउन सकिन्छ।[118] यसले पीडित/प्रभावितहरूले अनुभव गर्ने हेयभाव जस्ता बाधाहरूलाई परास्त गर्न पनि मद्दत गर्न सक्छ। प्रभावकारी मिडिया रणनीति विकास गर्नका लागि, पत्रकार लगायत मिडियाका प्रमुख सरोकारवालाहरू पहिचान गर्न, सन्देशहरूलाई सरल बनाउन, निर्णयहरू संक्षेपमा प्रस्तुत गर्न र कुनै विशेष मुद्दामा साथै त्यसभन्दा वृहत् रूपमा पनि परिपूरणको महत्त्वलाई जोड दिनु महत्वपूर्ण हुन्छ।[119]

पीडित/प्रभावितहरू पुनः पीडित हुनबाट बचाउन र उनीहरूको सुरक्षा सुनिश्चित गर्न उनीहरूको सहमति र उनीहरूले अनुरोध गरेका गोपनीयता सीमालाई सञ्चार रणनीतिहरूले पालना गर्नुपर्छ। सञ्चार अभियानको योजना बनाउँदा, केही पीडित/प्रभावितको विवरणसहितको मुद्दा प्रकाशमा ल्याउनु उचित हुन्छ वा गोपनियता राख्नु राम्रो हुन्छ भनेर मूल्याङ्कन गर्नु महत्त्वपूर्ण हुन्छ।[120]

सेपुर जार्कोको मुद्दामा संलग्न संघसंस्थाहरूले सावधानीपूर्वक आफ्नो सञ्चार रणनीति विकास र अभिलेखीकरण गरे। उनीहरूको पहिलो कदम मध्ये एउटा भनेको पीडकहरू दोषी हुन् भन्ने जनभावना तयार पार्नु र न्यायमा पहुँच गर्न पीडितहरूले सामना गर्ने चुनौतीहरूलाई उजागर गर्ने सन्देशहरूको प्रवाह गर्नु थियो। यी सन्देशहरूलाई पोस्टर, बटन, रेडियो स्पट, होर्डिंगबोर्ड, मिडिया कभरेज र अन्य विभिन्न माध्यमबाट प्रसार गरिएको थियो। पैरवीका साथसाथै सञ्चारका पहलहरूले मुद्दा सुनुवाईको प्रत्येक चरणमा ग्वाटेमालाका सामान्य जनतालाई मुद्दाको बारेमा जानकारी बाँड्दै गयो। ती संस्थाहरूले मिडियाका सञ्चालक र मिडिया कम्पनीहरूसँग सहकार्य गरेर पत्रकार सम्मेलनहरू गरे र मुद्दाबारे साथै त्यसको प्रगति विवरणहरू समेटेर समाचारपत्रहरू प्रसारित गरे। अन्तर्राष्ट्रिय सरोकारवालाहरूसम्म पुग्न मिडियामा प्रकाशित समाचार र लेखहरूलाई फ्रान्सेली र अंग्रेजी भाषामा अनुवाद गरियो, र मुद्दाको सुनुवाईलाई रेडियो स्टेशनहरूले आफ्ना कार्यक्रममा समेटे।[121]

सेपुर जार्को मुद्दामा संलग्न संस्थाहरूले मुद्दाको राजनीतिक प्रोफाइललाई अभिवृद्धि गर्न विभिन्न सामाजिक सञ्जाल अभियानहरू पनि प्रयोग गरे, ह्यासट्यागहरू प्रयोग गरी मुद्दाको बारेमा अभिलेख राखे र अद्यावधिक सूचनाहरू पोस्ट गरे।[122]

अन्तर-अमेरिकी प्रणालीमा, नागरिक समाजका संस्था र कानूनी प्रतिनिधिहरूले यौन हिंसामा IACtHR द्वारा अपनाइएका निर्णयहरूमा भएका प्रगति वा कार्यान्वयनको कमीलाई प्रकाशित गर्न प्रेसलाई नियमित रूपमा संलग्न गर्छन्। उदाहरणका लागि, यौन झुकावका आधारमा प्रहरीद्वारा गरिएको यौन हिंसाको सम्बन्धमा *अजुल रोजास विरुद्ध पेरू*को मुद्दाको सम्बन्धमा, सार्वजनिक माफी, अनुसन्धानको शुरुवात र कानूनमा सुधारका लागि संसदमा गरिएको प्रस्तुति जस्ता राज्यले गरेका परिपूरणका केहि उपायहरूको आंशिक कार्यान्वयनलाई सञ्चारमाध्यमहरूले समेटेका थिए।[123]

117 संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, 'Strategic Litigation for Sexual and Gender-Based Violence: Lessons Learned' (२०१९) ११.

118 एफए न्कोंघो ( FA Nkongho), 'Reflections on the Role of Civil Society Organisations in Implementing Cases from the African Commission and Court', in OSJI, Implementing Decisions, अनुच्छेद २६.

119 रिड्रेस (REDRESS), Practice Note 4: Implementation of Decisions, मे २०२१, अनुच्छेद 29.

120 संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, 'Strategic Litigation for Sexual and Gender-Based Violence: Lessons Learned' (२०१९) ११.

121 साकोउतो, फोर्ड औओबा र मार्टिन (SáCouto, Ford Ouoba and Martin), अनुच्छेद ५५,५६.

122 ऐ.

123 ला ले (La Ley), 'Proyecto Cita Caso Azul Rojas Marin vs. Peru para formular agravante al delito de discriminacion: cuando victima sea integrante de la población LGTBIQ+' (८ फेब्रुअरी २०२३); ला रिपब्लिका (La Republica), 'Caso Azul Rojas: Estado peruano pidio disculpas a mujer trans y prometio cumplir reparaciones' (१२ अगस्त २०२३); 'Caso Azul Rojas: Fiscalia inicia investigacion contra 3 policias por tortura y violacion a mujer trans' (१२ अगस्त २०२३).

जनिथ बेदोयाको मुद्दालाई राष्ट्रयि र अन्तर्राष्ट्रयि पत्रकारहरूले पनि व्यापक रूपमा समटेका थएि ।[124] IACtHR द्वारा आयोजति सार्वजनकि सुनुवाइहरूलाई वगितमा जनिथले पत्रकारको रूपमा काम गरेको लगायत धेरै मडियिाले प्रसारण गरेका थएि ।[125] यौन हसिाको नन्दिा गर्न जनिथ बेदोयाको आन्दोलनको नाम #NoEsHoradeCallar ह्यासट्याग अन्तर्गत सामाजकि सञ्जालमा कानूनी प्रतनिधिहिरू र पीडति/प्रभावतिहरूद्वारा उक्त मुद्दाबारे जानकारीहरू राखएिका थएि । फैसलाको कार्यान्वयनलाई पनि प्रेसद्वारा समेटएिको थयिो भने, समतिकिो परराष्ट्र मन्त्रालयसँगको बैठक र IACtHR समक्ष कार्यान्वयनबारे भएका सुनुवाइहरू सहति अनुगमन प्रक्रयिाबारे पनि सोही ह्यासट्याग अन्तर्गत सामाजकि सञ्जाल मार्फत जानकारीहरू सार्वजनकि गरएिको थयिो ।

| ***जनिथ बेदोया वि. कोलोम्बयिा,* IACtHR**[126] | | | |
|---|---|---|---|
| **परविेश** | कोलोम्बयिाको ६० वर्षभन्दा लामो सशस्त्र द्वन्द्व । वगितको ९० वर्षमा सबैभन्दा बढी संख्यामा पत्रकारहरूको हत्या भएको देश । द्वन्द्वसँग सम्बन्धति यौन हसिा प्रणालीगत रूपमा प्रयोग भएको । | | |
| **तथ्यहरू** | जनिथ बेदोयाले एक पत्रकारका रूपमा, बोगोटा अवस्थति "ला मोदेलो" कारागार लगायतमा भइरहेका कोलोम्बयिाको सशस्त्र द्वन्द्वसँग सब्मब्धति वषिय समेट्ने गरेकी थईिन् । यसै कुरालाई लक्षति गर्दै, जेनथि बेदोयालाई संसदका सदस्यहरूले ला मोदेलोको प्रवेशद्वारबाट अपहरण गरे । करबि १० घण्टा कब्जामा राखएिको बेलामा, उनीमाथि सामूहकि बलात्कार र अन्य प्रकारका यौन हसिा लगायत वभिन्नि प्रकारका यातना दइिएको थयिो ।<br><br>सार्वजनकि अधकिारीहरूबाट गरएिको अनुसन्धानमा उच्च लगनशीलताको अभाव, जनिथ बेदोया वरिुद्धको रुढविादी सोच साथै अन्य अवरोधहरू थएि । | | |
| **उजुरी दएिको मति** | ३ जुन २०११ | **फैसला भएको मति** | २६ अगस्ट २०२१ |
| **IACtHR को नरिणय** | IACtHR ले :<br><br>- यौन हसिा लगायत, अपहरण र यातनाका लागि कोलोम्बयिा जम्मिेवार रहेको ठहर गर्‍यो ।<br>- अनुसन्धान र पीडकहरूलाई अभयिोजन गर्नमा प्रभावकारी उपायहरूको अभावका लागि कोलोम्बयिा जम्मिेवार रहेको ठहर गर्‍यो ।<br>- लैङ्गकिता-केन्द्रति उपायहरू कार्यान्वयन गरेर महलिा पत्रकारहरूलाई शसस्त्र द्वन्द्वमा संरक्षण दनिुपर्ने र उनीहरूको उच्च संकटासन्नताालाई स्वीकार्नु पर्ने वशिेष दायत्विलाई जोड दयिो । | | |
| **परपिूरण** | वयक्तगित : पीडकहरूका वरिुद्ध अनुसन्धान, अभयिोजन र दण्डसजाय, साथै क्षतपिूर्ति, सार्वजनकि माफी, पुनर्स्थापनाका उपायहरू ।<br><br>समग्र : महलिा पत्रकारहरूको लागि वार्षकि छात्रवृत्ति; पुनर्स्थापना; अनुसन्धान गर्ने सार्वजनकि अधकिारीहरूको लागि लैङ्गकि दृष्टकिोणसम्बन्धी प्रशक्षिण; यौन हसिाबाट पीडति/प्रभावति र खोज पत्रकारतिामा समर्पति महलिाहरूको लागि स्मृति तथा आत्मसम्मान केन्द्र; कोलम्बयिामा लैङ्गकि हसिा र पत्रकार तथा मानव अधकिार रक्षकहरू वरिुद्धको हसिाको धम्कीबारे खण्डीकृत तथ्यांक प्रकाशन । | | |
| **बाधाहरू** | महान्यायाधविक्ताको कार्यालयले बौद्धकि वर्गका पीडकहरू लगायतका अनुसन्धान र अभयिोजनलाई नरिन्तरता दनि लगनशीलता नदेखाएको । संसद र राज्यका अन्य संस्थाहरूद्वारा परपिूरणको कार्यान्वयनमा ढलिाइ । | | |
| **के कुराले राम्रो काम गरेको छ** | - जनिथ बेदोयाले कानूनी मुद्दा र कार्यान्वयनमा सक्रयि रूपमा भाग लइिन् ।<br>- यो मुद्दालाई राष्ट्रयि र अन्तर्राष्ट्रयि मडियिाले स्थान दयिो ।<br>- जनिथ बेदोयाले मुद्दाहरू बारे जानकारी दनि र समर्थन जुटाउनक लागि आन्दोलन शुरु गरनि् ।<br>- अन्तर्राष्ट्रयि नरि्णयहरूको कार्यान्वयनको लागि बनेका घरेलु संयन्त्रभत्रि प्रमुख राष्ट्रयि नकिायहरू, कानूनी प्रतनिधिहिरू र पीडति/प्रभावतिहरूसँगको अनुगमन बैठकहरू समावेश गरएि । | | |

124 सेमाना (Semana), 'Cancilleria refrendo compromise de cumplimiento sobre la condena por caso de Jineth Bedoya' (३ अगस्त २०२२); एल तएिम्पो (El Tiempo), 'Por 'Innacion' de Fiscalia, Jineth Bedoya desiste de investigacion por amenazas' (१३ अक्टोबर २०२३); सीएनएन स्पेनसि (CNN Español), 'El Dificil Camino de Jineth Bedoya durante 21 años en busca de justicia por su secuestro y abuso sexual' (१९ अक्टोबर २०२१).

125 एल एस्पेक्तादोर (El Espectador), 'Jineth Bedoya: "Yo sé a que me atengo por declarar ante la Corte IDH, mi vida sigue en riesgo"' (YouTube भडियिो, १५ मार्च २०२१).

126 IACtHR, बेदोया लमिा र अन्य वि. कोलोम्बयिा (Bedoya Lima et al. v. Colombia). Merits, Reparations and Costs. २६ अगस्त २०२१ को फैसला. शृंखला सी नं. ४३१; कोलोम्बयिा सम्बन्धी जीएसएफको अध्ययन.

द्वन्द्वसँग सम्बन्धित यौन हिंसा बारे प्रभावकारी सञ्चार अभियानको अर्को उदाहरण लाइबेरियाको छ। गृहयुद्धको वर्षौं पछि, पीडित/प्रभावितिहरूले पीडकहरू विरुद्ध मुद्दा दर्ता गरे । धेरैभन्दा धेरै जनमानस सम्म पुग्न र कानूनी कार्यवाहीको बारेमा जानकारी सञ्चार गर्न, मौनताको संस्कृति तोड्नुपर्छ भन्ने कुराको महत्त्वलाई जोड दिन, पीडित/प्रभावितिहरूको सशक्तिकरणमा योगदान दिन र युवा महिलाहरूको नेतृत्वलाई प्रवर्द्धन गर्नका लागि संस्थाहरूले एउटा कार्टुन शृंखलाको सिर्जना गरे। त्यस शृङ्खलामा एकजना १४ वर्षीया किशोरीलाई चित्रण गरेर, गृहयुद्धका क्रममा भएका विभिन्न उल्लङ्घहरू बारे सचेतना जगाउने उद्देश्य लिइएको थियो।[127]

## पीडित/प्रभावितिहरूलाई अन्तरिम राहत प्रदान

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका लागि प्रदान गरिने परिपूरण कार्यान्वयनको प्रक्रिया प्रक्रिया ढिलो, अनिश्चित र धेरै कारकहरूमा निर्भर हुने गर्छ। यद्यपि, यौन हिंसाका परिणामहरू भने गम्भीर र दीर्घकालीन हुन्छन्, र त्यसबाट हुने क्षतिमा तत्काल ध्यानको आवश्यक पर्ने गर्छ। कार्यान्वयनको पूर्वसर्तका रूपमा पीडित/प्रभावितिहरूको सुरक्षा र अखण्डता सुनिश्चित गर्नु पर्ने हुन्छ। यसर्थ, राज्यले अन्तरिम राहत दिन विफल भएको अवस्थामा, प्रायः नागरिक समाजले प्रदान गर्ने अन्तरिम राहत आवश्यक हुन जान्छ।[128]

पीडित/प्रभावितिहरूको सर्वोत्तम हित सुनिश्चित गर्नु सर्वांगीण रणनीतिक कानूनी मुद्दाको एक महत्वपूर्ण पाटो हो। *अजुल रोजास वि. पेरु*को मुद्दामा, प्रोमसेक्स जस्ता नागरिक समाजका संस्थाले अजुललाई कानूनी प्रक्रियाभरि मनोसामाजिक सहयोग प्रदान गर्‍यो।[129] त्यसैगरी, *रोसेंदो कान्टु वि. मेक्सिको*को मुद्दामा, सेन्ट्रो दे देरेचोस् ह्युमानोस दे ला मोन्ताना "तलाचिनोल्लन" नामक, उनको मुद्दाको सह-निवेदकले भ्यालेन्टिनालाई चिकित्सा र मनोवैज्ञानिक सहयोग उपलब्ध गराएको थियो।[130] पूर्णमायाको मुद्दामा एड्भोकेसी फोरम नेपालले मानवअधिकार समिति समक्ष मुद्दा दर्ता हुनु अघि नै उनलाई चिकित्सा र मनोसामाजिक सहयोग उपलब्ध गराएको थियो।[131] ग्वाटेमालाको सेपुर जार्कोको मुद्दामा, पीडित/प्रभावितिहरू प्रतिको हेयाभव/कलंक हटाउन, अस्वीकारलाई सम्बोधन गर्न र पीडित/प्रभावित र समुदायहरूमाझ उत्थानशीलता विकासमा मद्दतका लागि विभिन्न संस्थाहरूद्वारा प्रदान गरिएको मनोवैज्ञानिक र चिकित्सा सहयोग त्यस मुद्दाको सफलताको एक महत्त्वपूर्ण भाग थियो।[132]

| ***पूर्णमाया वि. नेपाल*, मानवअधिकार समिति**[133] | | | |
|---|---|---|---|
| **परिवेश** | आरआर र अन्य वि. नेपाल को मुद्दा हेर्नुहोस् | | |
| **तथ्यहरू** | सन् २००४ मा, पूर्णमायालाई माओवादी समूहसँग उनि आबद्ध रहेको भन्दै नेपाली सेनाद्वारा लगातार सोधपुछको निशाना बनाइयो। २३ नोभेम्बर २००४ मा शाही नेपाली सेनाका एक सदस्यले उनलाई पक्राउ गरी उनीमाओवादी भएको आरोप लगाए। थुनामा रहँदाको अवधिभरि, पूर्णमायाले सोधपुछ, अपमान, हिंसा र सैनिकहरूद्वारा धेरैपटक बलात्कारका घटनाहरू सहिन्। यी कार्यहरूले उनलाई गम्भीर चोट पुर्याायो। उजुरी गर्ने धेरै प्रयासहरू गरेता पनि, उजुरीको हदम्याद लगायतका कारणले गर्दा पीडकहरूलाई कहिल्यै पनि न्यायिक कार्यवाहीमा ल्याउन सकिएन। | | |
| **उजुरी दिएको मिति** | १९ डिसिम्बर २०१२ | **फैसला भएको मिति** | २३ जुन २०१७ |

127 संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, 'Strategic Litigation for Sexual and Gender-Based Violence: Lessons Learned' (२०१९), अनुच्छेद ११.

128 मोफेट (Moffet), Handbook, अनुच्छेद १९.

129 IACtHR, अजुल रोजास मारिन र अन्य वि. पेरु (Azul Rojas Marín et al. v. Peru). Preliminary Objections, Merits, Reparations and Costs. १२ मार्च २०२० को फैसला. शृंखला सी नं. ४०२, अनुच्छेद २७२.

130 Escrito de Solicitudes Argumentos y Pruebas de la Representación de las Victimas para la Corte IDH. रोसेंदो कान्तु वि. मेक्सिकोको मुद्दा, अनुच्छेद १६५

131 मानवअधिकार समिति, पूर्णमाया वि. नेपाल (Purna Maya v. Nepal). 'Views Adopted by the Committee Under Article 5(4) of the Optional Protocol, Concerning Communication No. 2245/2013' (२०१७) UN Doc CCPR/C/119/D/2245/2013, अनुच्छेद २.८ (Purna Maya Decision).

132 साकोउतो, फोर्ड औओबा र मार्टिन (SáCouto, Ford Ouoba and Martin), अनुच्छेद १६.

133 रिड्रेस (REDRESS), पूर्णमाया वि. नेपाल ('Purna Maya v. Nepal').

| | |
|---|---|
| **मानवअधिकार समितिको निर्णय** | मानवअधिकार समितिले यी कुराहरू ठहर गर्‍यो :<br>- नेपाली सशस्त्र बलहरूले यौन हिंसालाई यातनाका रूपमा प्रयोग गरेको<br>- सशस्त्र द्वन्द्वको समयमा, विशेषगरी मावोबादी भएको वा त्यस्ता समूहको सहयोग गरेको शंकामा महिलाहरूलाई लक्षित गर्दै, व्यापक रूपमा प्रणालीगत यौन हिंसा भएको<br>- सत्य स्थापित गर्न अनुसन्धानहरूको अभाव, पीडकहरूलाई जवाफदेही बनाउन असफल भएको र पूर्णमायालाई परिपूरण उपलब्ध नगराइएको<br>- न्याय प्राप्तिका लागि हदम्याद एउटा तर्कहीन अवरोधका रुपमा रहेको |
| **परिपूरण** | व्यक्तिगत : सत्य खोजी गर्नका लागि अनुसन्धान, स्वास्थ्योपचार खर्च, मनोवैज्ञानिक पुनर्स्थापना र स्वास्थ्य उपचार लगायतका क्षतिपूर्ति।<br><br>समग्र : बलात्कारको उजुरीका लागि ३५ दिने हदम्याद हटाउने, यौन हिंसा पीडित/प्रभावितका लागि उजुरी र न्यायमा पहुँच गर्न अवरोधहरू हटाउने र गोपनियता कायम गर्ने, महिला प्रहरी र अभियोजनकर्ताहरूको संख्या बढाउने, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितका लागि अन्तरिम राहत, महिला विरुद्धका यौन हिंसाबारे राष्ट्रिय सम्वाद तथा सचेतना अभियानहरू र पीडित/प्रभावितका लागि पर्याप्त संरक्षण, आदि। |
| **बाधाहरू** | कार्यान्वयनका लागि स्पष्ट घरेलु संयन्त्रहरूको अभाव<br><br>द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूलाई मान्यता र परिपूरण प्रदान गर्न नेपालमा राजनीतिक इच्छाशक्तिको अभाव<br><br>संयुक्त राष्ट्रसंघको तहमा अनुगमनको संयन्त्र अप्रभावकारी |

नागरिक समाजका संस्था वा अन्य पात्रहरूद्वारा उपलब्ध गराइएको सहायता वा अन्तरिम राहतका कारण, पीडित/प्रभावितलाई राज्यले उपलब्ध गराउनु पर्ने वृहत परिपूरण र उनीहरू प्रति राज्यको अन्य दायित्वबाट राज्य मुक्त हुन सक्दैन। त्यसका साथै, यसलाई दीर्घकालीन रूपमा दिगोपन दिने र आर्थिक स्रोत जुटाउने कठिनाइका दृष्टिकोणबाट पनि यो सन्तोषजनक समाधान होइन।

# निष्कर्ष

मुद्दाको निर्णय वा परिपूरणको फैसला भएर मात्र द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूका लागि न्याय प्राप्त हुँदैन। वास्तविकतामा भने, निर्णयहरू लागू गर्नु र द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूलाई प्रभावकारी परिपूरण प्रदान गर्नु आफैमा एउटा जटिल र अनिश्चित प्रक्रिया हुन सक्छ। यस सन्दर्भमा, परिपूरणका निर्णयहरूको कार्यान्वयनमा सबैजसो परिवेशमा पीडित/प्रभावितहरूले लगभग एकरूपले सामना गर्ने मुख्य र सामान्य अवरोधहरू बारे जानकारी हुनु आवश्यक हुन्छ।

विगतका अभ्यासहरूबाट सिक्नु र यी अवरोधहरू छन् भन्ने स्वीकारेर तिनीहरूलाई पार गर्ने अवसरहरू सिर्जना गर्ने विस्तृत रणनीतिहरू तयार गर्नु महत्त्वपूर्ण हुन्छ। यस्ता रणनीतिले प्रमुख सरोकारवालाहरूको पहिचान गरेर उनीहरूलाई संलग्न गराउने, पीडित र प्रभावितका आन्दोलनहरूलाई बलियो पार्ने, सञ्चार अभियानहरू सञ्चालन गर्ने र निर्णयहरूको कार्यान्वयनका लागि कानूनी र पैरवीका विधिहरू प्रयोग गर्ने जस्ता कुरा समेटेको हुनुपर्छ।

यस प्रतिवेदनमा विश्लेषण गरिएका मुद्दा र परिवेशहरूका अनुसार, परिपूरणका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि, निर्णय कार्यान्वयन गर्ने जिम्मेवार निकायहरू, पीडित/प्रभावितहरू, उनीहरूका कानूनी प्रतिनिधिहरू, नागरिक समाजका संस्था र निर्णय जारी गर्ने निकायहरू बीच निरन्तर एवं खुला सम्वादहरू हुनुपर्छ। यो सबै अवस्थामा सम्भव नहुने हुनाले, बाह्य प्रयासहरू महत्वपूर्ण हुन्छन्। तिनमा सचेतना फैलाउने, मानवअधिकार निकायहरूलाई नियमित रूपमा प्रतिवेदन बुझाउने, पैरवी गर्ने, मिडिया अभियानहरू संचालन गर्ने र केही मुद्दामा थप कानूनी कार्यवाही लगायत पर्छन्। परिपूरण प्रदानका लागि आवश्यक राजनीतिक इच्छाशक्तिलाई बलियो बनाउन यी रणनीतिहरूले योगदान गर्न सक्छन्।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरूमा, तिनका कार्यान्वयन रणनीतिहरूको केन्द्रमा पीडित/प्रभावितहरूलाई राखिनुपर्छ र कार्यहरू लैङ्गिक दृष्टिकोणबाट तयार पारिएको हुनुपर्छ। पीडित/प्रभावितहरूको सुरक्षा र गोपनीयताको मूल्याङ्कन गरिनुका साथै, सम्भव भएसम्म उनीहरूको तत्कालका आवश्यकताहरूलाई सम्बोधन गरिनुपर्छ। पीडित/प्रभावितहरूले आफूले चाहेको र सकेको हदसम्म, कार्यान्वयन प्रक्रियाका सबै चरणहरूमा भाग लिनुपर्दछ।

कार्यान्वयन रणनीति बनाएर लागू गर्ने अवसर भएका परिवेशलाई प्राथमिकता दिँदै, यी मध्ये केही मुद्दाहरूको कार्यान्वयन रणनीतिहरू प्रवर्द्धन गर्न, रिड्रेस (REDRESS) ले आफ्ना राष्ट्रिय साझेदारहरूसँग काम गर्दछ।

REDRESS र यसका राष्ट्रिय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय साझेदारहरूले सन् २०२३ र २०२४ मा द्वन्द्वसँग सम्बन्धित यौन हिंसासम्बन्धी केही मुद्दाहरूको लागि कार्यान्वयन रणनीतिहरू बनाउन थालेका छन्। यस प्रक्रिया मार्फत, REDRESS र यसका साझेदारहरू निकट सहकार्यमा जुटेर पीडित/प्रभावित-केन्द्रित दृष्टिकोणबाट काम गर्ने प्रयासमा छन्। केही सन्दर्भमा, निर्णय कार्यान्वयनका सरोकारवालाहरू र राष्ट्रिय निकायहरू बीचको प्रत्यक्ष सम्वादलाई पनि REDRESS ले प्रवर्द्धन गर्दैछ। त्यसका लागि विभिन्न गोष्ठी, कार्यशाला, नीतिसार, पैरवी, बैठक र कानूनी कारबाहीहरू लगायतका मिश्रित विधिहरूको प्रयोग गर्ने गरिएको छ। ती रणनीतिहरू तयार तथा कार्यान्वयन गर्दा प्राप्त हुने अन्तर्दृष्टि र अनुभवहरूलाई अभिलेखीकरण गरेर सन् २०२४ को अन्त्यसम्ममा प्रतिवेदन तयार गरिनेछ।

REDRESS

Ending torture, seeking justice for survivors

GLOBAL SURVIVORS FUND

FOR AND WITH SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE

**आवरण तस्‌वीर जोसुए देलावेल/रयूटेर्‌स।**
ग्‌वाटेमालामा सेपुर जार्‌को मुद्‌दाको फैसला भएपछि
मानसिहरूको प्‌रतक्‌रियिा

## redress.org


**REDRESS**
Unit G01, 65 Glasshill Street
SE1 0QR, London, UK
+44 (0)20 7793 1777
info@redress.org

REDRESSTrust
redresstrust
company/REDRESS


## globalsurvivorsfund.org


**Global Survivors Fund**
Route de Ferney 140
1202 Geneva, Switzerland

glsurvivorsfund
globalsurvivorsfund
company/globalsurvivorsfund